का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ असार २०८२,
मंगलबार
8 July, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २३, अंक १५६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



एक दिन अस्पताल बन्द हुँदा ४ लाखभन्दा बढी बिरामी प्रभावित

# ठप्प अस्पताल मारमा बिरामी

**निमिष झा / मध्यान्ह**
काठमाडौं, २३ असार

उपभोक्ता अदालतले चिकित्सकीय लापरबाही ठहर गर्दै काठमाडौंका तीनवटा अस्पताल र डाक्टरहरूलाई क्षतिपूर्ति तिर्नुपर्ने फैसला गरेपछि देशभरका डाक्टरहरू आन्दोलित भएका छन् ।

उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा क्षतिपूर्तिको फैसला गरेपछि असहमति जनाउँदै संघले आकस्मिकबाहेकका सम्पूर्ण सेवा बन्द गरेको हो । अकस्मिक सेवा बाहेकका सम्पूर्ण सेवा बन्द भएपछि अस्पतालहरूमा बिरामीहरू मर्कामा परेका छन् । धेरै बिरामीहरू स्वास्थ्य सेवा लिनबाट वञ्चित भएका छन् ।

नेपाल चिकित्सक संघको नेतृत्वमा २० असारदेखि कालो पट्टी बाँधेर चरणबद्ध आन्दोलन गरिरहेका चिकित्सकहरूले सोमबार देशभरका अस्पतालहरूमा आकस्मिकबाहेकका सेवा ठप्प पारेका छन् । उनीहरूले सरकारले आन्दोलनप्रति चासो नदेखाएको भन्दै मंगलबार र बुधबार पनि सेवा ठप्प राख्ने चेतावनी दिएका छन् ।

उपभोक्ता ऐनअनुसार गत चैतमा उपभोक्ता अदालत गठन गरिएको थियो । चिकित्सकको लापरबाहीबाट क्षति भएको भन्दै दर्ता गरिएको मुद्दामा अदालतले निवेदकको पक्षमा फैसला गरेपछि पृष्ठ २ मा



यो आन्दोलन सामान्य विरोध होइन, यसले चिकित्सा पेशालाई जोगाउने वा गुमाउने मोडमा पुऱ्याएको छ ।

**डा. अनिल कार्की**
**अध्यक्ष**
**नेपाल चिकित्सक संघ**

## बिरामीलाई सास्ती

संघको आह्वानमा देशभरका स्वास्थ्य संस्थामा आकस्मिकबाहेक अन्य सम्पूर्ण सेवा बन्द हुँदा बिरामीहरू निकै मारमा परेका छन् ।

लामो समयदेखि उपचारको पर्खाइमा रहेका कतिपय बिरामीहरू आन्दोलनले गम्भीर समस्यामा परेका छन् । अस्पताल परिसरमा भेटिएका बिरामीहरूले आन्दोलनको प्रत्यक्ष असर आफूहरूमा परेको पृष्ठ २ मा



# निशानामा झाँक्री

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २३ असार ।

पछिल्लो एक वर्षयता रामकुमारी झाँक्रीका गतिविधिहरूले उनी नेकपा (एमाले)का नेताहरूसँग नजिकिएको र फेरि एमालेमै फर्किन सक्ने सम्भावनाबारे नेकपा (एकीकृत समाजवादी) भित्र छलफल चल्न थालेको छ ।

एमाले विभाजनपछि विक्षिप्त बनेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई हात समातेर निर्वाचन आयोगसम्म पुऱ्याई पार्टी दर्ताको मुख्य भूमिका निर्वाह गरेकी पूर्वसचिव झाँक्री अहिले आफ्नै नेतृत्वको निशानामा परेकी छन् ।


पतञ्जली जग्गा प्रकरणमा पार्टी अध्यक्ष नेपालमाथि लागेको भ्रष्टाचार मुद्दाको सन्दर्भमा सार्वजनिक रूपमा अभिव्यक्ति दिएकी झाँक्री, सो अभिव्यक्तिका कारण अध्यक्ष नेपालको आक्रोशको केन्द्र बनेकी हुन् ।

पार्टी स्थापनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी उनलाई अहिले पार्टीभित्रैबाट किनारा लगाउने प्रयास भइरहेको केही नेताहरूले बताएका छन् ।

तत्कालीन राजा ज्ञानेन्द्र शाहको निरंकुशतन्त्रविरुद्ध लडेकी झाँक्री लोकतन्त्रका लागि पार्टीभित्र र बाहिर निरन्तर आवाज उठाउँदै आएकी नेतृ हुन् ।

एमालेमै हुँदा अध्यक्ष केपी शर्मा ओलीको कार्यशैलीविरुद्ध उनले मुखमा टेप लगाएर विरोध जनाएकी थिइन् । संसद् विघटनको निर्णयमा समर्थन जनाएकी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीलाई 'महारानी' भनी उनले आलोचना गरेकी थिइन् । २०७८ सालको भदौमा एमालेबाट विभाजित पृष्ठ २ मा

# ५६ प्रतिशत रोपाइँ हुनै बाँकी






**छवि सापकोटा / मध्यान्ह**
काठमाडौं, २३ असार ।

केही दिनयता परेको लगातारको वर्षाले धान रोपाइँ गत वर्षको तुलनामा बढेको छ । १० दिनअघि देशभर जम्मा १५ प्रतिशत मात्र रोपाइँ भएकोमा असार २३ गतेसम्म यो दर ४५ प्रतिशत पुगेको छ । असार महिनालाई 'मानो रोपेर मुरी फलाउने महिना' भनिन्छ । त्यसैले यसको अन्तिम सातासमेत किसानहरू धान रोपाइँमै व्यस्त हुन्छन् । हालसम्म देशभर अझै ५५ प्रतिशत रोपाइँ बाँकी छ । तर, युवापुस्ता विदेश पलायन भइरहेका र रोपाइँका लागि श्रमिक अभाव भएकाले रोपाइँ ढिलो हुने गरेको छ । कृषि विभागका अनुसार असार १३ गतेसम्म १५.६ प्रतिशत रोपाइँ भएको थियो भने असार २३ गतेसम्म यो दर ४५.३ प्रतिशत पुगेको छ । गत वर्षको यही अवधिमा ४३.५ प्रतिशत रोपाइँ भएको थियो ।

पछिल्ला केही दिनको निरन्तर वर्षाले गर्दा रोपाइँ गत वर्षभन्दा बढेको कृषि विभागका उपमहानिर्देशक जगन्नाथ तिवारीले जानकारी दिए । सोमबारसम्म सबैभन्दा धेरै रोपाइँ सुदूरपश्चिम प्रदेशमा भएको छ ।

त्यहाँ १ लाख ७६ हजार १ सय ५१ हेक्टर धान खेतीयोग्य जमिनमध्ये १ लाख ४५ हजार ९ सय ३२ हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ, । सुदूरपश्चिममा रोपाइँ दर ८२ प्रतिशत छ ।

धान खेतीका लागि उर्वर मानिने मधेश प्रदेशमा भने सबैभन्दा कम रोपाइँ भएको छ । असार १० अघि ४ प्रतिशत मात्र रोपाइँ भएको मधेशमा असार २३ गतेसम्म २५.८ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ । त्यहाँ कुल ३ लाख ७२ हजार ६ सय ४५ हेक्टर खेतीयोग्य जमिनमध्ये अहिलेसम्म ९३ हजार ४ सय ६८ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसिया जाने कामदारबाट ५ लाख असुली

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार ।

मलेसिया जाने कामदारबाट अनुचितरूपमा रकम असुली भएको विषय संसदमा उठेको छ । प्रतिनिधि सभाकी सांसद रमा कोइरालाले रोजगारीका लागि मलेसिया जाने कामदारले ३ देखि ५ लाख रुपैयाँ तिर्नुपरेको दाबी गरेकी छन् ।


नेपालले मलेसियामा फ्रि भिसा फ्रि टिकटमा कामदार पठाउने बताएपनि व्यवहारमा कामदार चर्कोद ब्याजमा ऋण लिएर वैदेशिक रोजगारमा गइरहेको उनले बताइन् ।

मलेसिया भ्रमणबाट केही दिनअघि फर्केकी सांसद कोइरालाले प्रतिनिधि सभाको सोमबारको बैठकमा उक्त मुलुकमा रहेका नेपाली कामदार र नेपाली राजदूतावासको भूमिकाबारे कुरा उठाएकी थिइन् ।

सांसद कोइरालाले भनिन्, 'राज्यको नीति फ्रि भिसा फ्रि टिकटमा कामदार पठाउने भएपनि रोजगारीका लागि मलेसिया जाने श्रमिकले ३ देखि ५ लाख रुपैयाँसम्म तिर्नुपरिरहेको छ, यसमा राज्यले कडा अनुगमन गर्नुपर्ने देखिएको छ ।'

मलेसियामा सप्लाइ कम्पनीमार्फत जानेहरूले दुःख पाइरहेको भन्दै उनले त्यसरी पठाउने काममा नेपालका म्यानपावर कम्पनीहरू नै संलग्न रहेको र सो ठगीको जालोमा संलग्नहरूलाई राज्यले अनुगमन गरी पृष्ठ २ मा

## दम्मामममा राहदानी नवीकरण शिविर सम्पन्न



**दमाम, साउदी अरब / मस–** साउदी अरबको पूर्वीय प्रान्तस्थित दम्माम शहरमा अस्थायी रूपमा सञ्चालन गरिएको दुईदिने राहदानी सेवा शिविर सफलतापूर्वक सम्पन्न भएको छ । नेपाली दूतावास, रियादको पहलमा सञ्चालन गरिएको उक्त शिविरमार्फत १०७९ जनाले राहदानी नवीकरणका लागि फारम बुझाएका छन् भने १०८६ जनाले नवीकृत राहदानी प्राप्त गरेका छन् । साथै, ५० जनाको पृष्ठ २ मा

**कुलिङ पिरियड प्रकरण**

# छानबिन गर्न बन्यो समिति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार ।

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ मा व्यवस्था गरिएको कुलिङ पिरियड सच्याएको विषयमा छानबिन गर्न विशेष समिति गठन भएको छ ।

सोमबार प्रतिनिधिसभाबाट घोषणा भएको उक्त ७ सदस्यीय संसदीय विशेष छानबिन समितिमा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, रास्वपा र राप्रपाका सांसद सहभागी छ । कांग्रेस सांसद जीवन परियारको संयोजकत्वमा गठित समितिका सदस्यहरूमा कांग्रेसबाट सुशीला थिङ, नेकपा (एमाले)बाट ईश्वरी घर्ती र नारायण आचार्य, नेकपा (माओवादी केन्द्र)बाट माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पराजुली तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोशन कार्की रहेका सभामुख देवराज घिमिरेले बताए । राज्य व्यवस्था तथा सुशासन समितिबाट प्रतिनिधिसभामा पेस भएको मूल विधेयकको दफा ८२ मा पृष्ठ २ मा


## युएईमा Security Guard हरूलाई बैदेशिक रोजगारको अवसर

कम्पनी: GUARDFORCE SECURITY SERVICES शहर: UAE पूर्व स्वीकृत मिति: २०८२/०३/२३ चलानी नं.: ६०२४०८४४ L.T. No.: 326888

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 20 | 5 | स. काममा दक्ष | 1200 | ४४,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३१ गते (15 July 2025) मा, नेशनल एक्सपोर्टस मेनपावर शाखा कार्यालय धनगढी १ कैलालीमा २०८२ असार ३१ गते (15 July 2025) मा र नेशनल एक्सपोर्टस मेनपावर शाखा कार्यालय कास्की पोखरामा २०८२ असार ३२ गते (16 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

National Exports
Gov. Lic. No. 1312/074/075
NATIONAL EXPORTS MANPOWER CONSULTANT PVT. LTD.
Sinamangal-9 Kathmandu, Contact: 01-4578786, 9851089972, 9824002888, 9705064147, 9849895417, 9818427411, 9813002390, 985-1007784 Dhangadhi Contact 091-591098, 9709170422, 9801128811 Pokhara Contact 061-553917, 9801177123

## युएईमा वैदेशिक रोजगारीको अवसर

कम्पनी: ARKAN ADVANCED TECHNICAL GROUP- L.L.C-S.P.CU शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/२३ चलानी नं.: ६०२४०८३१ L.T. No.:326872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 150 | 50 | स. काममा दक्ष | 1300 | ४८,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३१ गते (15 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EMPIRE INTERNATIONAL PVT. LTD.
श्रम इजाजत नं. ६९५/०६३/०६४
Shantinagar, Kathmandu. Tel No: +977 1 4621348, 4620715
Contact No: 9804836615, 9851345073, Email: jobs@empirenepal.com

मध्यान्ह
www.madhyanhadaily.com
२४ असार २०८२ मंगलबार
8 July 2025, Tuesday

# कांग्रेसले संविधान संशोधनको एजेन्डा बनाउन कार्यदल गठन गर्ने

**काठमाडौं/मस**–नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकले संविधान संशोधनलाई प्राथमिकता दिँदै कार्यदल गठन गर्ने निर्णय गरेको छ ।

१६ असारदेखि सुरू भइ सोमबार राति सम्पन्न भएको बैठकले कांग्रेस र नेकपा एमालेबीचको सात बुँदे सहमतिमा संविधान संशोधनको प्रतिबद्धतालाई अगाडि बढाउन कार्यदल बनाउने भएको हो ।



बैठकको निर्णय सुनाउँदै प्रवक्ता डा.प्रकाशशरण महतले पार्टीले कार्यदल बनाएर संविधान संशोधन गर्ने विषय पहिल्याउन कार्यदल बनाउने र कार्यदलले दिएको सुझावको आधारमा सत्ता साझेदार दलसँग छलफल गर्ने बताए ।

संविधान संशोधनको विषयमा सत्ता साझेदार दल बाहेकका दलहरुसँग पनि छलफल गर्ने डा.महतले जानकारी दिए । पार्टीले गठन गरेको कार्यदलले विधान निर्माणमा सहकार्य गरेका दल, विज्ञ, विशेषज्ञ र नागरिक समाजसँग संवाद गर्ने बताए ।

यस्तै बैठकले कृषि, व्यापार र सुन-चाँदी व्यवसायसँग सम्बन्धित समसामयिक मुद्दामा सरकारको ध्यानाकर्षण गराउने भएको छ । प्रवक्ता महतले कृषि क्षेत्रका लागि रासायनिक मलखादको तत्काल व्यवस्था, वितरण प्रणालीमा सुधार, प्राकृतिक विषादी र प्रांगारिक मलको प्रयोगलाई प्रोत्साहन, र रासायनिक विषादीको गुणस्तर नियमनलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउने बताए ।

यस्तै, बैठकले सुन-चाँदीलाई विलासिताको वस्तुको रूपमा परिभाषित गर्ने नीति र कोटा प्रणाली खारेज गर्नुपर्ने निर्णय गरेको प्रवक्ता महतले जानकारी दिए । यस्तै सरकारले आन्दोलनरत र अनशनरत व्यवसायीहरूसँग अविलम्ब वार्ता गर्न सरकारलाई ध्यानाकर्षण गराएको पनि डा.महतले जानकारी दिए ।

# जनआन्दोलनका घाइतेको समस्या सम्बोधन गरिने

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सशस्त्र संघर्ष, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइतेको उपचारमा सहज हुने निर्णय गरेका छन् ।



द्वन्द्वपीडित तथा भूकम्पमा समेत घाइते भएकाहरुको उपचार सरकारी कोषबाट भइरहे पनि बजेट अभाव तथा पूर्णउपचार हुन नसकेपछि मन्त्री पौडेलले सबै उपचार समेट्ने गरी अस्पतालहरुलाई सोधभर्ना दिने कार्यविधि स्वीकृत गरेका हुन् ।

अब सबै खालका आन्दोलनका घाइते, द्वन्द्वपीडित तथा भूकम्पका घाइतेहरुको उपचारसँगै अंग प्रत्यारोपण वा सहयोग सामग्री आवश्यक भएमा व्यवस्था हुने जनाइएको छ । अंगभंग भएकाहरुलाई कृत्रिम अंग समेत प्रदान गरिने कार्यविधिमा उल्लेख छ ।

घाइतेहरुको देशभरका सरकारी तथा सामुदायिक अस्पतालहरुमा उपचार हुनेछ । कार्यविधिले उपचारपश्चात् अस्पतालहरुलाई भुक्तानी सहज बनाउने अपेक्षा गरिएको छ । यसअघि उपचार हुँदै आएपनि बजेट निश्चित नहुँदा उपचारमा समस्या तथा अस्पतालहरुलाई समस्या परेको गुनासो आउने गरेको थियो ।

यसवर्ष मन्त्रालयले घाइतेहरुको उपचारका लागि बेग्लै बजेट विनियोजन गरेको छ । बजेट तथा उपचारको सीमितताका कारण समस्या भोगेकाहरुको समस्या सदाका लागि सम्बोधन हुने गरी कार्यविधि निर्माण गरिएको हो ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले कार्यविधि स्वीकृत भएपछि घाइतेहरुको उपचारमा लामो समयदेखि देखिएको समस्या समाधान हुने बताए ।

# ३ लाख घुससहित वडाध्यक्ष पक्राउ

**रुपन्देही/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रुपन्देही मर्चवारी गाउँपालिका-३ का वडाध्यक्ष जनार्दन यादवलाई रु तीन लाख घुस रकमसहित नियन्त्रणमा लिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिएको टोलीले वडाध्यक्ष यादवसहित सिद्धार्थनगर नगरपालिका-९ स्थित श्री गणेश ट्रेडिङका



सञ्चालक विपिनकुमार पाण्डेयलाई पक्राउ गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

वडामा सञ्चालित विभिन्न योजनाको भुक्तानी सिफारिसका लागि वडाध्यक्ष यादवले कमिसन माग्ने गरेका थिए । सोही क्रममा विपिनकुमार पाण्डेयमार्फत रु तीन लाख लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको पौडेलले बताए । दुवैजनालाई नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको प्रवक्ता पौडेलले बताए ।

## ठप्पा...

डाक्टरहरू असन्तुष्टि जनाउँदै आन्दोलित भएका हुन् ।

उपचारमा लापरबाही भएको भन्दै एक महिलाले दायर गरेको उजुरीमा ग्रान्डी सिटी अस्पताल र चिकित्सकलाई ५७ लाख १९ हजार रुपैयाँ क्षतिपूर्ति तिराउने फैसला गरिएको हो ।

त्यसैगरी, चाबहिलस्थित ओम अस्पताललाई ५० लाख ७० हजार रुपैयाँ र चिकित्सकलाई ६ लाख १० हजार रुपैयाँ क्षतिपूर्ति तिर्न अदालतले आदेश दिएको छ ।

यस्तै, अर्को मुद्दामा उपचारमा लापरबाहीका कारण बिरामीको मृत्यु भएको ठहर गर्दै हिमाल हस्पिटल र संलग्न चिकित्सकलाई दोषी ठहर गरिएको छ । अदालतले अस्पतालले ७० प्रतिशत र चिकित्सकले ३० प्रतिशत गरी जम्मा १ करोड ४५ लाख रुपैयाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला गरेको छ । न्यायिक अभ्यासअनुसार कुनै पनि अदालतको निर्णयप्रति असन्तुष्टि भएमा पुनरवलोकन वा उच्च अदालतमा जाने प्रावधान छ । तल्लो अदालतको फैसला उच्च अदालतले सच्याएको धेरै उदाहरण छन् । तर, नेपाल चिकित्सक संघसहितका विभिन्न स्वास्थ्य संघसंस्थाहरूले प्रत्यक्ष आन्दोलन सुरु गरेका छन् ।

संघको आन्दोलनप्रति चासो जनाउँदै नेपाल बार एसोसिएसनले वार्तामार्फत समाधान खोज्न आग्रह गरेको छ । बारले अदालतको फैसलाविरुद्धको आन्दोलनमा असहमति जनाइसकेको छ ।

तर, चिकित्सक संघले भने सरकार वार्ताका लागि इच्छुक नरहेको दाबी गरेको छ ।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिल कार्कीले सरकारका तर्फबाट अहिलेसम्म कुनै चासो नदिइएको बताए ।

डा. कार्कीका अनुसार यी समस्या एकाएक आएका होइनन्। चैतदेखि नै अदालतमा चिकित्सकमाथि मुद्दा चल्न थालेपछि ऐन संशोधनको माग गर्दै लबिइङ सुरु गरिएको थियो ।

स्वास्थ्य, कानुन, गृह, उद्योग, प्रधानमन्त्री तथा महान्यायाधिवक्तासँग गरिएको छलफलबाट पनि कुनै सार्थक प्रतिक्रिया नआएको उनले बताए ।

'आजदेखि इमर्जेन्सीबाहेक सबै सेवा बन्द भयो', डा. कार्कीले भने, 'यो आन्दोलन सामान्य विरोध होइन; यसले चिकित्सा पेशालाई जोगाउने वा गुमाउने मोडमा पुऱ्याएको छ ।'

उनका अनुसार आन्दोलन चरणबद्ध रूपमा अघि बढ्नेछ । 'हाल चिकित्सकहरूको लाइसेन्स संकलन गरिरहेका छौं। यदि हाम्रो माग पूरा भएन भने ती लाइसेन्स नेपाल मेडिकल काउन्सिलमा बुझाउने तयारी छ,' उनले चेतावनी दिए ।

**आज आईसीयूबाहेकका सेवा बहिष्कार**

माग सम्बोधनमा सरकार गम्भीर नदेदिएपछि चिकित्सिकहरूले मंगलबार आकस्मिक एवं सघन उपचार( आईसीयू) बाहेकका सेवा बहिष्कार गर्ने निर्णय गरेका छन् । संघले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै सेवाहरू बहिष्कार गरिएको बताएको छ ।

'हाम्रो माग सम्बोधन गर्नका लागि हालसम्म राज्यबाट कुनै पहलकदमी नभएकोले आन्दोलन जारी छ । मंगलबार आकस्मिक एवं सघन उपचार बाहेकका अन्य सम्पूर्ण सेवाहरू बहिष्कार गर्नेछौं विज्ञप्तिमा भनिएको छ ।

यस्तै, मंगलकार बिहान ११ बजे उपत्यकाभित्रका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई माइतीघर मण्डलामा एवं उपत्यका बाहिरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई सम्बन्धित प्रदर्शनस्थलमा भेला भई धर्ना दिन आह्वान समेत गरिएको छ ।

**'डाक्टरलाई खसीबोका नठान्नू'**

सांसद तथा वरिष्ठ चिकित्सक डा. सुनिलकुमार शर्माले स्वास्थ्य क्षेत्रमा देखिएको गम्भीर संकट, आन्दोलनरत चिकित्सक र विद्यार्थीहरूप्रति सरकारको उदासीनता र गैरजिम्मेवार व्यवहारप्रति आपत्ति जनाएका छन् । प्रतिनिधिसभामा सोमबार आकस्मिक समयमा बोल्दै उनले सरकारले अपनाएको नीति र कानुनी संरचनालाई 'लज्जास्पद, दुःखद र गैरवैज्ञानिक' भन्दै गम्भीर प्रश्न उठाए ।

'नेपालभरका सबै ओपीडी सेवा बन्द छन् । नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकहरू कालो पट्टी बाँधी सडकमा उत्रिन बाध्य भएका छन् । यो कुनै सामान्य अवस्था होइन, अत्यन्तै विडम्बनापूर्ण र चिन्ताजनक परिस्थिति हो,' उनले भने ।

## बिरामीलाई...

गुनासो गरेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार, देशभर ३,८२३ अस्पताल छन् । एक दिन ओपीडी सेवा बन्द हुँदा ४ लाखभन्दा बढी बिरामी स्वास्थ्य सेवा पाउनबाट वञ्चित हुन्छन् ।

मंगलबार चिकित्सकहरूले नेपाल मेडिकल काउन्सिलबाट लिएको प्रमाणपत्र काउन्सिलमा बुझाउने कार्यक्रम रहेको छ ।

डाक्टरहरूलाई देखाउन भनेर टिकट काटेर अस्पताल पुगेका धेरै बिरामीहरू बन्द सटरमा टाँसिएको सूचना पढेर फर्किन बाध्य भएका छन् । आन्दोलनरत चिकित्सकहरू अस्पताल परिसरमा देखिएका छैनन् । एक चिकित्सकका अनुसार, उनीहरू हाजिर गरेर घर फर्केका थिए ।

वीर अस्पताल प्रशासनका अनुसार अधिकांश डाक्टरले सोमबार हाजिर गरेका थिए । अस्पतालका सूचना अधिकारी सिताराम खड्काका अनुसार, अस्पताल प्रशासनले बन्द सटर खोलेर सेवा दिन खोज्दा चिकित्सक संघका प्रतिनिधिहरू आएर ताला लगाइदिएका थिए ।

अस्पताल जस्तो संवेदनशील क्षेत्रमा हड्ताल गर्न नपाइने भए पनि पालना नभएपछि बिरामीहरू आवश्यक स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएका छन् । २०७९ जेठ २७ मा सरकारले अस्पतालसहितका २५ अत्यावश्यक सेवामा कुनै पनि बहानामा हड्ताल वा अवरोध गर्न निषेध गरेको थियो ।

स्वास्थ्य संस्थामा हड्ताल वा घेराउ गर्न नपाइने, उपचारमा कुनै अवरोध गर्न नहुने, आन्दोलन र बन्दमा संलग्न जो-कोहीलाई एक वर्षसम्म कैद वा १ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ ।

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन (पहिलो संशोधन) अध्यादेश २०७९ नेपाल चिकित्सक संघकै पहलमा ल्याइएको थियो ।तर, त्यही ऐन विपरीत संघले आफैं सोमबार अस्पताल बन्द गराएको हो । यी क्षेत्रको संवेदनशीलता र नागरिकको जीवनसँग सीधा जोडिएका कारण सरकारले विशेष व्यवस्था गरेको हो ।

गृह मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी अस्पतालमा हड्ताल गर्न नपाउने आदेश जारी गरिसकेको छ । अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालनसम्बन्धी सेवा (जस्तैः एम्बुलेन्स), औषधि उत्पादन, बिक्री वितरणजस्ता सेवामा हड्ताल गर्न निषेध गरिएको छ । तर संघले सरकारी आदेशको उल्लंघन गर्दै आन्दोलन जारी राखेको छ ।

## निशानामा...

भई बनेको नेकपा (एकीकृत समाजवादी) मा संस्थापक सचिव रहेकी झाँक्रीले पछिल्लो समय पार्टी विभाजनको औचित्य पुष्टि हुने गरी नीति तथा कार्यक्रम बनाइनुपर्ने धारणा राख्दै आएकी छन् ।उनको भनाइ छ, 'विशिष्ट परिस्थितिमा एमालेबाट विभाजन त गऱ्यौं, तर अहिले नयाँ पार्टी बनाउनुको औचित्य पुष्टि गर्नुपर्छ । एमालेलाई दुश्मनको रूपमा होइन, व्यवहारको आधारमा मूल्यांकन गर्नुपर्छ ।' यस प्रकारका अभिव्यक्तिले उनी पार्टीभित्र आलोचना र घेराबन्दीको शिकार भएकी छन् ।

पार्टी फुट्दाका बेला ओलीविरुद्ध लडेर पार्टी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी झाँक्रीलाई २०७९ साल साउनमा सम्पन्न महाधिवेशनमा पार्टी नेतृत्वकै योजनाअनुसार उपाध्यक्ष पदमा हराइएको उनका निकट नेताहरूले आरोप लगाएका छन् ।

पछिल्लो एक वर्षा उनका गतिविधिले उनी एमाले नेतासँग निकट भएको र एमालेमै फर्किन सक्ने सम्भावनाबारे पनि पार्टीभित्र चर्चा हुने गरेको छ ।

झाँक्रीले पार्टी बलियो नबने, एकताको विकल्प खुला राख्नुपर्ने धारणा पनि राखेकी छन् । 'कुनै व्यक्ति मन परेन भने पार्टीविरोधी भन्ने र अर्को पार्टीमा जाँदैछ भनेर आरोप लगाउने पुरानै चलन हो,' उनी भन्छिन् ।शनिबार, युवा संघ नेपालद्वारा आयोजित लुम्बिनी प्रदेशस्तरीय कार्यक्रममा झाँक्रीले पार्टी पुनर्गठनको प्रस्ताव राख्दै भनेकी थिइन्, 'अध्यक्षमाथि नै संकट देखिएको अवस्थामा सिनो बोकेर हिँड्न सकिन्न ।'

तर अध्यक्ष नेपाल, जो एमाले अध्यक्ष ओलीलाई सधैं 'सदावहार विरोधी' का रूपमा हेर्छन्, झाँक्रीको यस्तो धारणाबाट असन्तुष्ट छन् ।

विद्रोही स्वभावकी झाँक्री महाधिवेशनपछि पदाधिकारी बन्न नसकेकीले पार्टीभित्र निष्क्रिय जस्तै देखिएकी छन् । पार्टीले यस विषयमा उनलाई लिखित स्पष्टीकरण समेत मागिसकेको छ। आइतबारको सचिवालय बैठकमा पतञ्जली जग्गा प्रकरण र अध्यक्ष नेपालमाथि लागेको भ्रष्टाचार मुद्दाबारे गम्भीर छलफल भएको थियो ।

बैठकमा नेताहरू मेटमणि चौधरी, शेरबहादुर कुँवर र राजेन्द्र राईले झाँक्रीलाई पार्टीबाट निष्कासन गर्नुपर्ने स्पष्ट माग राखेका थिए । तर, बेदुराम भुसाल, घनश्याम भुसाल र जयन्ती राईले कारबाही आवश्यक भए पनि निष्कासन अहिलेको लागि उचित नहुने तर्क गरेका थिए ।

नेकपा (एस) का एक पदाधिकारीका अनुसार महासचिव घनश्याम भुसालले झाँक्रीलाई अवसर दिनुपर्छ भन्ने धारणा राखेका थिए । ' कारबाही गर्न सकिन्छ तर निष्कासन आवश्यक छैन', भुसालले बैठकमा भनेका थिए । झाँक्री २०५४ सालमा वामदेव गौतमसँग मिलेर नेकपा (माले) मा लागेकी थिइन् र २०५८ सालमा एमालेमा फर्किएकी थिइन् । २०६२-६३ को जनआन्दोलनमा विद्यार्थी नेतृको रूपमा काठमाडौंको अग्रपंक्तिमा सहभागी भई घाइतेसमेत भएकी थिइन्। २०७७ पुस ५ मा तत्कालीन प्रधानमन्त्री ओलीले संसद् विघटन गरेपछि त्यसको सशक्त प्रतिवाद गर्ने नेतृ झाँक्री थिइन् ।

पुष्पकमल दाहाल, झलनाथ खनाल, माधव नेपाललगायत नेतासँगै उनी अग्रपंक्तिमा उभिएकी थिइन् । २०७७ माघ २९ मा तत्कालीन राष्ट्रपति भण्डारीको कार्यशैलीमाथि टिप्पणी गरेपछि उनलाई 'राज्यविरुद्धको कसुर' मा पक्राउ गरिएको थियो । तर तीव्र आलोचना र दबाबपछि उनलाई सोही दिन रिहा गरिएको थियो ।

२०७८ असारमा सर्वोच्च अदालतको परमादेशबाट बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारमा उनी सहरी विकासमन्त्री बनेकी थिइन्। तर २०७९ असारमा, पार्टीले उनलाई मन्त्रीबाट फिर्ता बोलाएको थियो ।

गत प्रतिनिधिसभा चुनावमा झाँक्री गुल्मी-२ बाट उम्मेदवार बनेकी थिइन् तर एमालेका गोकर्ण विष्टसँग पराजित भएकी थिइन् ।

महाधिवेशनमा जयन्ती राईसँग पराजित भएपछि अहिले उनी स्थायी कमिटी सदस्यका रूपमा छिन् । झाँक्रीले आफूमाथि सञ्चारमाध्यममार्फत स्पष्टीकरण मागिएकोप्रति असन्तुष्टि पनि व्यक्त गरेकी छन् ।

पार्टीभित्र कारबाहीको अवस्था आउँदा केही नेताहरूले झाँक्री एमालेमै फर्कन तयार भएको बताएका छन् । धेरै नेताहरूले अनुशासन उल्लंघन गरेको भन्दै कारबाहीको माग गरिरहेका छन् । तर, केही एमाले नेताहरूले झाँक्रीलाई स्वागत गर्न सक्ने बताए पनि एमाले नेतृत्वले तत्काल जिम्मेवारीसहित पार्टीमा स्वीकार्न सकिने अवस्था नरहेको जनाएको छ । झाँक्रीले हालसम्म एमाले फर्कने निर्णय गरिसकेकी छैनन् । तर उनले भनेकी छन्, ' यदि एकीकृत समाजवादी बलियो बनाउन सकिएन भने एमालेसँग एकता गर्न सकिने विकल्प खुला राख्नुपर्छ ।' पतञ्जली जग्गा प्रकरणले अध्यक्ष नेपालमाथि नैतिकताको प्रश्न उठाएको छ । तर, संसद्बाट निलम्बन भएका अध्यक्ष नेपालले आफू हट्नुको सट्टा झाँक्रीमाथि कारबाहीको तयारी थालेका छन् ।

## ५६.५ प्रतिशत...

हेक्टरमा मात्रै रोपाइँ भएको छ । गत वर्ष यसै मितिसम्म २५.५ प्रतिशत रोपाइँ भएको थियो ।

यस्तै, लुम्बिनीमा ५२.११, कर्णालीमा ७१.६६, कोशीमा २९.५४, बागमतीमा ५१.९ र गण्डकीमा ५५.५९ प्रतिशत रोपाइँ भएको छ । अहिलेसम्म देशभर ६ लाख २३ हजार १ सय ४ हेक्टर जमिनमा धान रोपिएको छ ।

देशका सातवटै प्रदेशमध्ये सबैभन्दा धेरै रोपाइँ हुने अपेक्षा मधेश प्रदेशमा गरिएको छ । त्यहाँ ३ लाख ७२ हजार ६ सय ४५ हेक्टर जग्गामा रोपाइँ हुन्छ ।

त्यसपछि क्रमशः लुम्बिनी प्रदेशमा ३ लाख २ हजार ९ सय ३९ हेक्टर। कोशी प्रदेशमा २ लाख ७६ हजार ३ सय ८७ हेक्टर, सुदूरपश्चिम प्रदेशमा १ लाख ७६ हजार १ सय ५१ हेक्टर। बागमती प्रदेशमा १ लाख २० हजार ५ सय ४५ हेक्टर, गण्डकी प्रदेशमा ९४ हजार १ सय ८२ हेक्टर, कर्णाली प्रदेशः ४० हजार ८ सय ८४ हेक्टर छ । कृषि विभागका अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल १३ लाख ८३ हजार ७ सय ३२ हेक्टर क्षेत्रमा धान रोपाइँ हुने अनुमान गरिएको छ । तर, गत वर्ष २०८०/८१ मा १४ लाख २० हजार हेक्टरभन्दा बढी क्षेत्रमा रोपाइँ भएको थियो ।

## मलेसिया...

नियन्त्रण गर्नुपर्ने धारणा राखिन् । सांसद कोइरालाले नेपालमा रहेका मिटरब्याजीले कामदार ठगेको सुनेको, तर मलेसियामा पनि मिटरब्याजीहरू रहेको बताइन् । उनले भनिन्, ' त्यसलाई कसरी नियन्त्रण गर्ने हो ? ति मिटरब्याजीबाट कसरी हाम्रा श्रमिकलाई जोगाउने हो संसदमा छलफल हुनुपर्दछ ।' मलेसियामा रहेका मिटरब्याजीले कसरी नेपाली ठगिरहेका छन् भन्ने उनले खुलाइनन् ।

उनले मलेसियामा कार्यरत सुरक्षागार्डहरू कामअनुसारको तलब नपाएर शोषणमा परेको पनि टिप्पणी गरिन् । पुरै महिनाभर दैनिक १५ घण्टा उभिएर काम गर्नुपरिरहेको भन्दै उनले भनिन्, ' त्यसबापत उचित ज्याला नपाएको देखियो । ३० दिन दैनिक १५ घण्टा काम गर्दा १५ सयदेखि २ हजार रिंगेट तलब पाइरहेका छन् । उनीहरूको तलब ३३ सय रिंगेटसम्म हुनुपर्ने हो । नेपाल सरकार यस विषयमा बोल्न जरुरी छ ।' त्यसैगरी सांसद कोइरालाले स्वास्थ्य परीक्षणमा पनि समस्या रहेको दाबी गरिन् । उनले भनिन्, 'नेपालमा नै सिन्डिकेट रहेछ, गन्तव्य मुलुकमा रोजगारी दिन नसकेपछि सप्लाइ कम्पनीले पुनः स्वास्थ्य परीक्षण गराइ जानाजान नेपाली कामदारहरू फेल बनाएर फर्काइने गरेको देखिन्छ, यसमा पनि सरकारको ध्यान जान जरुरी छ ।'

उनले नेपाली दूतावासहरूमा कर्मचारीको अभाव रहेको भन्दै दूतावासमा कर्मचारी बढाउन र कम्तीमा एक जना डाक्टर र एक जना वकिल राख्न अर्थमन्त्रीले बजेटको व्यवस्था गर्नुपर्ने माग गरिन् । त्यसो गरिएको खण्डमा धेरै नेपाली श्रमिकले त्यसबाट लाभ पाउने उनले बताइन् ।

सांसद कोइरालाले ४ लाख भन्दा बढी श्रमिक र अवैधानिकरूपमा बसिरहेका थप श्रमिक रहेपनि नेपाली दूतावासमा २१ जना कर्मचारी मात्रै रहेकाले छिटो सेवा दिन नसकेकाले निरन्तर गुनासो आउने गरेको देखिएको बताइन् । उनले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारमा जाने श्रमिकले रकम जम्मा गरी योगदान गरेपनि गन्तव्य मुलुकका रोजगारदाताले रकम जम्मा नगरिरहेको भन्दै नेपालले बार्गेनिङ पावर बढाएर रोजगारदाताहरूलाई दबाब दिनुपर्नेमा जोड दिइन् ।

## दम्मामामा...

बहिर्गमन भिसाका लागि फारम संकलन गरिएको छ ।

शुक्रबार र शनिबार (साप्ताहिक बिदा) का दिन लक्षित गरी सञ्चालन गरिएको उक्त शिविरको उद्देश्य साउदी अरबको पूर्वी क्षेत्रका नेपाली श्रमिकहरूलाई सहज रूपमा आवश्यक कागजी प्रक्रिया पूरा गराउने रहेको थियो ।

कार्यक्रममा साउदी अरबका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालको नेतृत्वमा टोपनारायण गिरी, टीकाराम शर्मा, अम्बरबहादुर नेपाली, विपिन प्रसाईं, शाजिद अन्सारी, हेमन्त आचार्य, अजय दंगाल, अदबुल राई, ध्रुब तिमिल्सिना, डेभिड महर्जन, राजकुमार कँडेल र जनसम्पर्क अधिकारी नारायण पासवान तथा अक्सर अलिलगायतको टोली उपस्थित थियो ।

शिविर सफल पार्न गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद साउदीका अध्यक्ष रविना अर्याल, वरिष्ठ उपाध्यक्ष उमेश भट्टराई, महासचिव शुक्र मोक्तान, भीम कार्की, तथा विभिन्न सामाजिक संघ-संस्थाका प्रतिनिधिहरूले उल्लेखनीय भूमिका खेलेका थिए ।

त्यस्तै, ग्लोबल आइएमई बैंक लिमिटेडका प्रतिनिधि राम क्षेत्री, नेपाली जन प्रगतिशील मञ्च साउदीका अध्यक्ष रामचन्द्र वाग्ले, पानस अध्यक्ष कुवेर हुमागाईं, प्रवासी नेपाली सम्पर्क विभागका प्रवक्ता हरि थापा, नेपाल आदिवासी जनजाति महासंघ साउदीका अध्यक्ष खेम गुरुङ, किरात राई यायोख्खाका अध्यक्ष चित्र कुमार चाम्लिङ राई, हेल्प मधेसी साउदीका अध्यक्ष श्याम कुमार महतो, नेपाल मगर संघ साउदीका अध्यक्ष बमबहादुर थापा मगर, साथै विभिन्न फुटबल क्लब र श्रमिक समूहका प्रतिनिधिहरूको समेत सहकार्य रहेको थियो ।

स्वयंसेवक र संस्थागत प्रतिनिधिहरूले फारम संकलन, कागजपत्र प्रमाणीकरण, राहदानी वितरण, जानकारी प्रवाह तथा लाइन व्यवस्थापनमा सहयोग पुऱ्याएका थिए । सहभागीहरूको उत्साहजनक उपस्थिति र सुव्यवस्थित व्यवस्थापनका कारण शिविर सफल भएको आयोजकहरूले बताएका छन् ।

श्रमिकहरूको सेवामा समर्पित यस अभियानको सेवाग्राहीहरूले समेत प्रशंसा गरेका छन् । भविष्यमा पनि यस्ता सहयोगमूलक कार्यक्रम निरन्तर जारी राखिने दूतावास र स्थानीय समन्वयकर्ताहरूले जनाएका छन् ।

## छानबिन...

उपदफा ४ थपिएको, उपदफा ५ मा रहेको व्यवस्थाले गर्दा कानुनी तादात्म्यमाथि नै प्रश्न उठ्ने गरी थपघट गरिएको थियो । संसदीय इतिहासमा भएको यो हदको बदमासीमाथि छानबिन गर्ने समिति बनाइएको हो ।

यस्तो कानुनी तादात्म्य नहुने गरी प्रतिवेदन तयार हुनुमा को कसको के कस्तो भूमिका रहेको छ सो को सम्बन्धमा छानबिन गर्ने समितिको कार्यादेश रहेको छ । त्यस्तै समितिबाट तयार भएको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा कसैको संलग्नता देखिएमा के कस्तो संलग्नता रहेको छ सो को यकिन गरी त्यस्तो पदाधिकारी वा व्यक्तिलाई प्रचलित कानुन बमोजिम कुनै कारबाही गर्नु पर्ने वा नपर्ने भन्ने सम्बन्धमा सुझाव पेस गर्ने जिम्मेवारी छ ।

कानुन निर्माणको क्रममा समितिमा हुने छलफल निर्णय प्रक्रिया प्रतिवेदन लेखन लगायतका विषयमा देखिएका कमीकमजोरी पत्ता लगाइ भविष्यमा त्यस्तो प्रकृतिका कमीकमजोरी हुन नदिन के कस्तो सावधानी वा उपाय अपनाउन पर्ने हो सो सम्बन्धमा सुझा पेस गर्ने समितिलाई कार्यादेश दिइएको छ ।

प्रचलित कानुनको अधीनमा रही यो समितिले आफ्नो कार्यविधि आफै बनाई व्यवस्थित गर्न सक्नेछ । आवश्यक देखेमा समितिले सम्बन्धित विज्ञ एवं अन्य व्यक्तिको सहयोगसमेत लिन सक्नेछ । समितिलाई २१ दिनको समय दिइएको सभामुख घिमिरेले जानकारी दिए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८२/०३/२४**

**एस.आर.के. नेपाल प्रा.लि.** को मिति २०७८/११/१७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस.आर.के. ओभरसिज नेपाल प्रा.लि. (दर्ता नं. १६४११०/०७३/०७४)** कायम गर्ने गरी मिति २०७९/०२/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# जनआकांक्षालाई पूरा गर्नु साझा दायित्व : राष्ट्रपति

**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक स्थायित्वमार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको जनआकांक्षालाई पूरा गर्नु नै साझा दायित्व भएको बताएका छन् ।

मानवअधिकार तथा शान्ति समाजले सोमबार आयोजना गरेको कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार २०८१ समर्पण समारोहलाई सम्बोधन गर्दै उनले सुशासनको प्रत्याभूतिसहित शान्ति, न्याय र स्वतन्त्रताको अनुभूति आम नागरिकमा गराउन जरूरी रहेको बताए । राष्ट्रपति पौडेलले हामीले रोजेको लोकतान्त्रिक शासन प्रणालीलाई जीवन पद्धतिकारूपमा अवलम्बन गरी लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउँदै यसको जरा अझ गहिरो



बनाउनु आजको आवश्यकता भएको बताए । उनले सामाजिक न्यायको लागि मानव अधिकार तथा शान्ति समाजको अभियान र योगदान महत्वपूर्ण रहेको भन्दै नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ र शान्ति प्रक्रियामा समाजले निर्वाह गरेको भूमिकाको प्रशंसा गरे ।

सो कार्यक्रममा शान्ति समाजले प्रदान गर्ने कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार २०८१ बाट सामाजिक न्यायका अभियानकर्मी एवं पूर्व राजदूत पदम सुन्दासलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडी, सभापति रेनुका पौडेललगायतले समाजका गतिविधिका बारेमा प्रकाश पारेका थिए ।

# राम नेपालमै जन्मिएका हुन्, प्रचार गर्न किन डराउने : प्रधानमन्त्री




**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले राम नेपालमै जन्मिएको बताएका छन् । सोमबार काठमाडौंमा नेकपा एमालेको पर्यटन तथा नागरिक उड्डयन विभागले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले पुनः यस्तो दाबी गरेका हुन् ।

यसअघि पनि पटक पटक प्रधानमन्त्री ओलीले भगवान श्रीरामको जन्मभूमि चितवनका माडीस्थित ठोरीमा भएको दाबी गरेका थिए । कसैले त्यत्तिकै कथा हालेर रामको जन्मभूमि बदल्न नसक्ने उनको भनाइ छ । राम जन्मभूमि अहिले नेपालमा पर्ने र तर्कसंगत हिसावले पनि अन्यत्र हुन नसक्ने उनको दाबी छ । अरु रिसाउँछ भनेर रामको जन्मभूमि नेपाल हो भन्नबाट डराइरहेको भन्दै नडराइकन रामको जन्मभूमि नेपाल हो भन्ने आग्रह गरे । यो आफूले नभइ वाल्मीकिकृत रामायणमा लेखिएको उल्लेख गरे । भगवान शिव, ऋषि विश्वामित्र नेपालकै रहेको बताए ।

प्रधानमन्त्री ओलीले भने, 'हामी टुरिजमको कुरा गर्छौं तर नेपालमा राम जन्मिएका अन्त कसैले त्यत्तिकै कथा हालेर हुन्छ । फलानो ठाउँमा जन्मिएका भनेर । राम जन्मिएका नेपालमा हो । नेपालको भूमिमा पर्छ, त्यो ठाउँ अहिले । उसबेला पनि नेपालै थियो भन्दिनँ म । के थियो, के थिएन, थारु गाउँ थियो की ? के थियो । तर अहिले त्यो भूभाग नेपालमा पर्दछ । राम भगवान हुन् भने मान्नु नमान्नु आफ्नै कुरा हो । जसले रामलाई भगवान मान्छ, रामको जन्मभूमि पवित्र छ । यति प्रचार गर्न सक्दैनौं हामी । यति भन्न सक्दैनौं । यति आँट गर्दैनौं । अफ्ठ्यारो लाग्छ । को रिसाउँछ जस्तो लाग्छ, साँचो बोल्दाखेरी रिसाउँछ जस्तो लाग्छ भने अनि हामीले के गरि खान्छौं । शिव यहीँका हुन्, विश्वामित्र यहीँका हुन् । मैले लेखेको होइन नि रामायण, वाल्मीकिकृत रामायणमा कोशी नदी तरेर पश्चिम गएर राम लक्ष्मणलाई शिक्षा दिए विश्वामित्रले भनेको छ । मैले लेखेको होइन त्यो । विश्वामित्र चतराका हुन् भन्ने स्पष्ट छ ।' प्रधानमन्त्री ओलीले पर्यटन बोर्डले नेपालको प्रचार गर्न विदेश जानुपर्ने काम नरहेको बताए । अनलाइनका माध्यमबाट नेपालबाटै प्रचारप्रसार गर्न सकिने बताए ।

# न्यायाधीशद्वय थारु र महर्जनलाई महाभियोग लगाउन माग

**काठमाडौं/मस–** सांसद किरण कुमार साहले अफताब आलमलाई सफाइ दिने न्यायाधीशद्वय खुसीप्रसाद थारु र अर्जुन महर्थनमाथि तत्काल महाभियोग लगाउन माग गरेका छन् । सोमबार बसेको संसद् बैठकमा बोल्दै सांसद साहले थारु र महर्जनमाथि महाभियोगको माग गरेका हुन् ।



'रौतहटमा जिउँदै इटाभट्टा जलाएर मारिएको जघन्य घटनामा दोषी ठहर भएका अफताब आलमलाई उच्च अदालतको कार्यालय वीरगञ्जले सफाइ दिएको छ । उक्त फैसला जिल्ला अदालतको जन्मकैदको फैसला उल्टाउने खालको छ । अहिले मिडिया र जनमानसमा यो निर्णयलाई राजनीतिक संरक्षणको परिणामको रूपमा व्याख्या गरिएको छ । यदि सरकार साँच्चै स्वतन्त्र न्यायापालिका चाहन्छ र कुनै राजनीतिक संरक्षण नभएको प्रमाणित गर्न चाहन्छ भने सो फैसला सुनाउने उच्च अदालतका न्यायाधीश खुसीराम थारु र अर्जुन महर्जनमाथि तत्काल महाभियोग प्रक्रिया अगाडि बढाउनुपर्छ,' उनले भने ।

यदि त्यसो नभए उनीहरूलाई सरकारले नै संरक्षण प्रदान गरिरहेको ठहर हुने उनले बताए । 'यदि यस्तो कदम चालिँदैन भने गठबन्धन सरकारले नै अफताब आलमलाई उपहारस्वरूप सफाइ दिएको भन्ने सन्देश जान्छ । यस्तो अवस्थामा लोकतन्त्र र न्याय प्रणाली गम्भीर अपमान हो,' उनले भने । यस्तै साहले राजनीतिक भागबन्डामा न्यायाधीशको नियुक्ति तत्काल रोक्नसमेत आग्रह गरेका छन् ।

जिउँदै जलाएर व्यक्ति हत्या गरेको आरोप लागेका आलमलाई थारु र महर्जनले गत जेठ १४ गते सफाइ दिएका थिए । आलममाथि २०७६ साल असोजमा व्यक्ति हत्या गरेको आरोप लागेको थियो । संविधान सभाको निर्वाचनको अघिल्लो राति २०६४ चैत २७ गते रौतहटको राजपुरस्थित इँटाभट्टामा त्रिलोकप्रताप सिंह, ओशी अख्तरसहित घाइतेलाई जिउँदै जलाएर हत्या गरेको आरोप आलममाथि थियो । घटनाको १२ वर्षपछि उनी पक्राउ परेका थिए । तर, सफाइ पाए । नेपाली कांग्रेससम्बद्ध आलाम पूर्वमन्त्री तथा सांसद हुन् ।

# भवन नबन्दै जिल्ला अस्पताल विस्तार



**खोटाङ/मस–** खोटाङ जिल्ला अस्पताललाई १५ शैय्याबाट ५० शैय्यामा विस्तार गरिएको छ । कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा स्वास्थ्यमन्त्री भूपेन्द्र राईले विस्तारित अस्पतको उद्घाटन गरे । अस्पताल विस्तार भएर ५० शैय्या पुऱ्याइएपनि अस्पतालको भवन भने निर्माण भएकेको छैन ।

मन्त्री राईले भवन निर्माणको काम बाँकी रहे पनि अन्य सेवा सुविधा विस्तार गर्नका लागि उद्घाटन गरेको बताए । सेवा विस्तारका लागि बजेट पनि पर्याप्त मात्रामा उपलब्ध गराइएकाले सेवा विस्तारका लागि ५० शैय्याको अस्पताल उद्घाटन गरिएको राईको भनाइ छ । औषधि प्रशोधन केन्द्र, उपकरण, औषधि खरिद लगायतका लागि पर्याप्त बजेट व्यवस्था गरिएको मन्त्री राईले बताए ।

खोटाङमा स्वास्थ्य क्षेत्रका लागि १६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । 'भवन अलपत्र परे पनि सेवा सुविधा विस्तार गर्नका लागि ५० शैय्याको अस्पताल उद्घाटन गरिएको हो,' राईले भने, 'भवन पनि सकेसम्म चाँडो निर्माण भइसक्छ । यो वर्ष स्वास्थ्य क्षेत्रमा औषधि प्रशोधन केन्द्र, उपकरण, औषधि खरिद लगायत जनशक्तिसम्मका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ ।'

# त्रिविको उपकुलपतिमा तीन जनाको नाम सिफारिस

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति सिफारिस गर्न गठित समितिले तीन जनाको नाम सिफारिस गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तको संयोजकत्वको सो समितिले प्रधानमन्त्री एवं कुलपति ओली समक्ष ती नाम सिफारिस गरेको हो ।



सिफारिस भएकाहरुमा वर्णानुक्रमअनुसार हालका निमित्त उपकुलपति प्रा.डा.खड्ग केसी, त्रिविको विज्ञान संकायका पूर्वडीन प्रा डा विनिल अर्याल र जल तथा मौसम केन्द्रीय विभागका पूर्वप्रमुख प्रा.डा.दीपक अर्याल रहेका छन् ।

उपकुलपति प्रा.डा.केशरजंग बरालले दिएको राजीनामा गत चैत २८ गते स्वीकृत भएपछि गत चैत ३१ गते कुलपति ओलीले शिक्षाध्यक्ष केसीलाई पदपूर्ति नभएसम्मका लागि बढीमा तीन महिनाका लागि उपकुलपतिको जिम्मेवारी दिएका थिए ।

कुलपति ओलीले गत जेठ ६ गते शिक्षामन्त्री पन्तको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने सदस्य र शिक्षा मन्त्रालयका सचिव रहेको सिफारिस समिति गठन गरेका थिए ।

# सर्वोच्च अदालतमा ३ जना न्यायाधीश नियुक्त

**काठमाडौं/मस–** सर्वोच्च अदालतमा ३ जना न्यायाधीश नियुक्त भएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले न्याय परिषद्को सिफारिसका आधारमा संविधानको धारा १२९ को उपधारा (२) बमोजिम सोमबार तीन न्यायाधीश नियुक्त गरेका हुन् ।



वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेल र उच्च अदालत दिपायलका मुख्य न्यायाधीश शान्तिसिंह थापा न्यायाधीशमा नियुक्त भएका छन् ।

# फरार जसपा नेता यादवको आपतिजनक अभिव्यक्ति

## 'मधेश नेपालबाट अलग हुन्छ'

**काठमाडौं/मस–** जनता समाजवादी पार्टी (जसपा) का नेता तथा पूर्वसांसद अशोक यादवले मधेश कुनै न कुनै दिन नेपालबाट अलग हुने भन्दै आपत्तिजनक अभिव्यक्ति दिएका छन् । नेपाल प्रहरीले पक्राउका लागि पक्राउपूर्जी जारी गरेपछि फरार रहेका यादवले भिडियो सन्देशमार्फत आपत्तिजनक अभिव्यक्ति दिँदै भारतीय पक्षसँग सहयोगको याचना गरेका छन् ।



'मधेश आज नभए भोलि नेपालबाट अलग हुन्छ, म रहुँ या नरहुँ,' भिडिओ सन्देशमा उनले भनेका छन् । 'जय बिहार, जय नेपाल, जय भारत' भन्ने उद्घोषसहित सुरु भएको भिडियोमा यादवले नेपालमा मधेशीमाथि दमन र शोषण हुँदै आएको आरोप लगाएका छन् । उनले भने, 'यी नस्लवादी, खसवादीहरूले मधेशीलाई दोस्रो दर्जाको नागरिक बनाएका छन् ।'

भिडियोमा यादवले भारतको बिहार राज्यका प्रहरी र प्रशासनसँग आफूलाई पक्राउ नगर्न आग्रह गरेका छन् । 'नेपालका एसपीको आग्रहमा कुनै पनि कदम नउठाउनु,' भन्दै उनले सितामढीका एसपी र अन्य अधिकारीलाई अनुरोध गरेका छन् ।

उनले भनेका छन्,'बिहारका छोरीहरू जसको नेपालमा विवाह हुन्छ, ती महिलाहरूको र उनीहरूका सन्तानको नागरिकता बन्दैन। म त्यसविरुद्ध लड्दैछु ।' सर्लाहीका तत्कालीन प्रहरी प्रमुख (एसपी) योगेन्द्र कुमार खड्कालाई टेलिफोनमा धम्की दिएको आरोप लागेपछि फरार भएका यादवले भिडियोमा आफूलाई पक्राउ गर्न खोज्ने प्रहरीले 'गुण्डागर्दी' गरेको दाबी गरेका छन् । यादवले आफू 'मधेश जनविद्रोह'को अभियन्ता भएको बताउँदै राजनीतिक कारणले आफूलाई निशाना बनाइएको दाबी गरेका छन् । उनले नेपालमा आफूजस्ता आन्दोलनकारीमाथि दमन भइरहेको र भारतले यस्ता आन्दोलनकारीलाई सधैं शरण दिँदै आएको दाबीसमेत गरेका छन् ।

# चेक अनादर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं/मस–** ९ लाख ४० हजार रुपैयाँ बिगो रकमसम्बन्धी चेक अनादर कसूर मुद्दामा फरार रहेका उज्जवल जंग थापालाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-३० मा लुकिछिपी बस्दै आएका थापालाई जिल्ला प्रहरी परिसर, काठमाडौंबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी अदालतमा पेश गरेको हो ।



नेपाल सरकार वादी रहेको उक्त मुद्दामा जिल्ला बारा स्थायी घर भइ काठमाडौं महानगरपालिका-३० बसोबास गर्दै आएका ३७ वर्षीय थापाविरुद्ध काठमाडौं जिल्ला अदालतले ९ लाख ४० हजार रुपैयाँ बिगो रकम तिर्नुका साथै २ वर्ष कैद सजायको फैसला सुनाएको थियो । तर फैसला कार्यान्वयन हुनुअघि फरार भएका थापा लामो समयदेखि पक्राउ पर्न नसकेको अवस्थामा थिए । थापालाई पक्राउ गरी सोमबार काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी परिसर, काठमाडौंका सूचना अधिकारी प्रहरी उपरीक्षक (प्र.उ.) अपील राज बोहराले जानकारी दिए ।

# सद्भाव कायम गर्दै सकियो मोहर्रम पर्व

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २३ असार

रौतहटको राजपुर नगरपालिकामा यस वर्षको मोहर्रम पर्व शान्तिपूर्ण र सफलतापूर्वक सम्पन्न भएको छ । कुडिया नदी किनारको बजार क्षेत्रलगायतका स्थानहरूमा मुस्लिम समुदायले मनाउने यो सांस्कृतिक तथा धार्मिक पर्व यस वर्ष शान्तिपूर्ण रुपमा सम्पन्न भएको हो ।



अघिल्ला वर्षहरूमा मोहर्रमका अवसरमा केही स्थानमा विवाद र तनावको स्थिति सिर्जना हुँदै आएपनि यस वर्ष सबै पक्षको सक्रिय सहयोग र समझदारीका कारण पर्व शान्तिपूर्ण रूपमा सम्पन्न भएको स्थानीय प्रशासन र समुदायले जनाएको छ ।

मोहर्रम प्रारम्भ हुनु अघि असार १७ गते जिल्ला प्रशासन कार्यालयको पहलमा सुरक्षा र सामाजिक सद्भावका विषयमा संयुक्त बैठक आयोजना गरिएको थियो । बैठकमा राजपुर नगरपालिकाका समाजसेवी, स्थानीय बुद्धिजीवी, ९ वटै वडाध्यक्षहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा अन्य सरोकारवाला निकायको सहभागिता रहेको थियो ।

बैठकमा भएको सहमतिको आधारमा बैरिया, अकोलवा, कुडिया लगायतका क्षेत्रहरूमा 'दाहा' कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएमने थियो ।

सम्भावित संवेदनशील स्थानहरूमा सुरक्षा व्यवस्था कडा बनाइएको थियो । विशेषगरी कुडिया नदी किनारको क्षेत्रमा, जहाँ विगतमा छठ पर्व मनाउने र मोहर्रम मनाउनेबीच स्थान प्रयोगको विषयमा विवाद हुँदै आएको थियो, त्यहाँ प्रहरी तथा सशस्त्र प्रहरी परिचालन गरिएको थियो । यस वर्ष सबै पक्षको समझदारी, संयमता र स्थानीय नेतृत्वको सक्रियताले कुनै अप्रिय घटना हुन नदिएकोमा स्थानीयवासीहरूले खुसी व्यक्त गरेका छन् ।

स्थानीय प्रशासनले शान्ति, सद्भाव र सहिष्णुता कायम गर्ने सबै पक्षलाई धन्यवाद ज्ञापन गरेको छ । मोहर्रमको अवसरमा मुस्लिम समुदायका प्रतिनिधिहरूले 'दाहा' मार्फत ऐतिहासिक घटनाको स्मरण गर्दै सद्भाव र एकताको सन्देश फैलाएका थिए ।

# बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष साह पक्राउ

**जनकपुरधाम/मस–** बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहलाई कीर्ते र जालसाजी गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरहरि रेग्मीले परिषद्का कार्यकारी निर्देशक वैजनाथ पासवानको हस्ताक्षर कीर्ते गरी चार जना कर्मचारीलाई अवैध रूपमा बर्खास्त गरेको अभियोगमा साहलाई नियन्त्रणमा लिएको जानकारी दिए । कार्यकारी निर्देशक पासवानले गत चैत २८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा यससम्बन्धी उजुरी दिएका थिए । त्यसपछि कीर्ते हस्ताक्षर सम्बन्धमा विधि विज्ञान प्रयोगशालाबाट परीक्षण प्रतिवेदन प्राप्त भएपछि वैशाख २५ मा जिल्ला अदालतबाट पक्राउ अनुमति लिइएकामा त्यसयता साह परार रहेका प्रहरी उपरीक्षक रेग्मीले बताए । साहलाई थप अनुसन्धानका लागि जिल्ला सरकारी वकिल कार्यालयमार्फत



जिल्ला अदालत धनुषामा उपस्थित गराएको प्रहरीले जनाएको छ । यसअघि कार्यकारी निर्देशकको हस्ताक्षर गरेर बृहत्तरका प्रशासकीय अधिकृत जीतेन्द्र यादव, लेखापाल सावित्री गिरी, नासु मदन चौधरी र सञ्जय मण्डललाई बर्खास्त गरेका थिए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७२/०६/११ मा दर्ता भएको **प्रा.लि. नं. १४०५०२** को **इनोभ फास्ट फुड एण्ड क्याफे प्रा.लि.** को मिति २०८२/०३/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः लिलानाथ कंडेल**
**ठेगानाः अनामनगर, काठमाडौं, फोनः ९७०८०७३२००**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०७/०४ मा दर्ता भएको **प्रा.लि. नं. २४५८१४** को **स्ट्रमस्टप नाउ प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) को विशेष व्यवस्था बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मलेसिया र साउदीमा रोजगार**

कम्पनीः **GOLDEN EAGLE SECURITY SERVICES SDN BHD** शहरः **JALAN**
पूर्व स्वीकृत मितिः २०८१/१२/२८ चलानी नं.: ६०२३५९३३ **LT. No.: 321805** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 108 | 0 | स. काममा दक्ष | 1700 | ५४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः **SAFRA AL MA'ALI EST. FOR DRINKS PROVIDERS** शहरः **RIYADH**
पुर्व स्वीकृत मितिः २०८१/०७/०४ चलानी नं.: ६०२२६८२९ **L.T. No.:. 312403** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sweet Maker | 2 | 0 | | 1400 | ५०,९०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३१ गते (15 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Confident International Manpower Pvt. Ltd.** Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com
Ktm ofc contact-9801969508,9848070440,9851006270,9860480144,9847225371

मध्यान्ह
www.madhyanhadaily.com
२४ असार २०८२ मंगलबार
8 July 2025, Tuesday

## सम्पादकीय

# देउवाले नबदलुन् अवकाशको निर्णय

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आफ्ना सभापति शेरबहादुर देउवाले पार्टी राजनीतिबाट अवकाश लिने कुरा सार्वजनिक गर्नुलाई प्रशंसनीय भएको बताएका छन् । केही समय अगाडि सभापति देउवाले चितवनमा आयोजित एक कार्यक्रम मार्फत् राजनीतिबाट अवकाश लिने बेला आएको बताएका थिए । कांग्रेसको विधान बमोजिम दुईपटक भन्दा बढी सभापति बन्न पाइदैन । ७९ वर्षीय सभापति लगातार दुई कार्यकाल सभापति भइसकेका छन् । त्यसैले अहिलेकै विधान बमोजिम देउवाले तेस्रो कार्यकाल सभापति बन्न पाउने छैनन् । यसो हुँदा सक्रिय राजनीतिबाट देउवाले अवकाश लिने निर्णय स्वभाविक हो । तर स्वभाविक निर्णयलाई पनि राष्ट्रिय राजनीतिले चासोका साथ हेरेको पाइन्छ । केन्द्रीय मूख्यालय सानेपामा जारी केन्द्रीय समिति बैठकमा महामन्त्री शर्माले प्रशंसा गर्नुले पनि देउवाको निर्णय असामान्य बन्न पुगेको पुष्टि हुन्छ ।

७९ वर्ष पुगेका नेताले पार्टी विधानको बाध्यकारी नियमकै कारण तेस्रोपटक सभापति बन्दिनँ भन्दा पनि प्रशंसा गरिनुले वर्तमान राजनीतिक परिस्थितिको चिनारी दिन्छ । नेताहरूले स्वभाविक प्रक्रिया बमोजिम पद छाड्न नमान्ने रहेछ भन्ने अर्थमा पनि बुझ्न सकिन्छ । अनुमान मात्र होइन, तथ्यहरूले पनि त्यही पुष्टि हुन्छ । कांग्रेसकै जस्तो पार्टी विधानको व्यवस्था एमालेमा पनि छ । लगातार दुईपटक भन्दा बढी अध्यक्ष हुन नपाइने विधानको व्यवस्था भत्काउन प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली लागेका छन् । देउवा भन्दा पहिले पार्टी अध्यक्ष बनेका ओलीले अझै २०–२५ वर्ष नेतृत्व नछोड्ने सार्वजनिक घोषणा गरिरहेका छन् । ७४ वर्षका ओलीले त्यस्तो भन्नुको अर्थ उनले पार्टीको विधान तोडेर अगाडि बढ्नेछन् ।

अर्का पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चार दशकदेखि माओवादी केन्द्रका अध्यक्ष छन् । आफूलाई चुनौती दिने कसैलाई पनि पार्टीमा बस्न नसक्ने परिस्थिति प्रचण्डले तयार पार्दै आएका छन् । पतञ्जली जग्गा प्रकरणमा तारेख धाइरहेका माधवकुमार नेपालले नेतृत्व छोड्न मानिरहेका छैनन् । मोहनविक्रम सिंह, नारायणमान बिजुक्छेहरू आजीवन अध्यक्ष हुन अग्रसर छन् । कांग्रेसमै पनि सभापति पदमा रहँदै बीपी कोइराला, गिरिजाप्रसाद कोइराला, सुशील कोइरालाहरूको निधन भएको थियो । अर्थात् नेताहरूको पदीय मोहले लोकतन्त्र नै बद्नाम छन् । यस्तो बेला देउवाले सार्वजनिक गरेको निर्णयले धेरैलाई उत्साहित बनाएको छ । महामन्त्री शर्माको प्रशंसा स्वभाविक हो । तर यति प्रशंसा पाइसकेका देउवाले आफ्नो निर्णय नबदलून् ।

# एमालेमा ईश्वर दाहिना भएपछि...

*ईश्वर पोखरेल, प्रदीप नेपाल र मुकुन्द न्यौपानेजस्ता नेता दाहिना भएकैले कमरेड केपी शर्मा ओली नवौँ महाधिवेशनमा पार्टी अध्यक्ष हुन पाएका थिए । तर, ईश्वरले म र मैले अध्यक्ष बनाएको हो भनेर कहिल्यै फुर्ती लगाएनन्...*

अग्रलेख



● प्रा.डा. बद्री विशाल पोखरेल



विगत असार १४ गते राष्ट्रिय सभामा मदन भण्डारी फाउन्डेसनको भव्य कार्यक्रम भयो । सभाकक्ष बाहिर समेत एमाले नेता र कार्यकर्ताको उल्लेखनीय सक्रिय सहभागिता थियो । सभाको प्रमुख आकर्षण विद्यादेवी भण्डारी थिइन् । प्रथम महिला राष्ट्रपति विद्या भण्डारीले एमालेको सक्रिय राजनीतिमा प्रवेश गरेको घोषणा गरिन् । विद्या भण्डारीमय सभा माहौल देखेर कोही कोही अत्तालिएको तिनका अभिव्यक्तिबाट थाहा भयो । तर, उक्त सभामा उपस्थित तमाम निराश नेता र कार्यकर्ताहरूमा नौलो आशा र भरोसा सञ्चारित भएको देखिन्थ्यो । यससँगै पार्टीमा दाहिने र देब्रे नेता देखापरेका छन् । एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले विवेकलाई बन्धक राखेर मन्तव्य दिएनन् । विद्या भण्डारी सक्रिय राजनीतिमा आउने चर्चा सँगै तिलमिलाएका उपरवालालाई सैद्धान्तिक र वैचारिक तथा तर्कपूर्ण जवाफ दिए । उनले मन र इमानको बोली बोले, ओठ मात्र चलाएनन् । उनी सतहीरूपमा हेर्दा भण्डारीका दाहिने हात भएर देखा परे । तर, पोखरेलले जबजको जनवादी/लोकतान्त्रिक मर्म, महत्व, सार र अन्तर्य अभिव्यक्त गरेका थिए । पोखरेल आफ्नो ‘मेरो घर’ कवितामा अभिव्यञ्जित भाव र जबजको प्रकाशमा अग्रगमन गर्ने कुरामा अडिग देखिन्थे । पार्टीका उपाध्यक्ष सहित उपल्ला तहका अधिकांश नेताले बोल्ने अवसर पाएका भए पार्टीभित्र सङ्गालिएको चरम विसङ्गतिको पोको खोल्नै नै थिए ।

तर, कतिपय ओठे भक्तहरूले जननेता मदन भण्डारी र विद्या भण्डारीको परोक्ष वा प्रत्यक्ष मानमर्दन गरेको देख्दा तिनप्रति दया लागेर आउँछ । सिद्धान्तका निर्माणका सवालमा ताली पिट्ने हैसियतका केही नेताले जबजको प्रतिपादनमा मेरो पनि कम महत्वपूर्ण भूमिका छैन भनेको सुन्दा लाजै लजाउँछ । यस्तै, कृतघ्न चरित्रका एकाध नेता अरू पनि देखिँदै छन् । २०५० जेठ ३ गते पोखराको अन्तिम सम्बोधनमा जननेता मदन भण्डारीले एमाले संगठन, नेता, कार्यकर्ता टुल्स/औजार मात्र किमार्थ बन्न हुन्न भनेका थिए । उनले सैद्धान्तिक, संगठनात्मक, सिर्जनात्मक तथा कुनै न कुनै सामान्य प्राविधिक ज्ञानयुक्त संगठक अपरिहार्य रहेको कुरा सुझाएका थिए । मदन भण्डारीले सामन्तवादी संस्कार र संस्कृतिलाई कलात्मक हस्तक्षेप गरी सुधारात्मक आन्दोलन सञ्चालन गर्न चाहन्थे । अहिले त पार्टी संगठन, कार्यकर्ता र नेतालाई महाराजका सेवाका निमित्त बनाइएका काँटा, चम्चा बनाउन खोजिएको छ । आफ्नो अति सामान्य विवेकलाई बन्धक बनाएर कमरेड महाराजको जुनसुकै आदेश तिनले हुबहु पूरा गर्नुपर्छ ।

पार्टी र नेतृत्वलाई सुझाव स्वरूप लेख लेख्दा पनि खप्की खानु परेको छ । स्वंय पंक्तिकारका लेखहरू अनलाइन र छापा पत्रिकामा प्रकाशित नगर्न पत्रिका गृहलाई एकाध नेताले दबाब दिएको थाहा भएको छ । यसले पार्टी संगठनको अस्तव्यस्त अवस्था जाहेर हुन्छ । यो अवस्था अहिले सुध्रिने अवस्था देखिन्न । श्री ५ बडा महाराजा पृथ्वी नारायण शाहले बिसे नगर्चीको सल्लाह लिन्थे । तर, अहिले जबज सिद्धान्तका प्रणेता र प्रखर व्यक्तित्वलाई उच्च गरिमामय भारी सभामा गम्भीर कटाक्ष गरिन्छ । अनि उनका ओठहरू उनकै लोली र बोलीमा ट्याउँट्याउँ गर्न थालेका देखिन्छन् ।

आगामी महाधिवेशनमा नेतृत्व हत्याउन अनेक पञ्च प्रपञ्च गर्नेहरू पार्टी र सिद्धान्तको लेपन लगाएर सोझासिधा कार्यकर्तालाई कुहिराको काग बनाउन लागिपरेका छन् । हाम्रा पुर्खाहरू आमालाई गुरूकी पनि गुरू महागुरू/गुरूआमाका रूपमा सम्मान गर्थे जस्तै : उपाध्यायान् दशाचार्य आचार्याणम् शतं पिता, सहस्रं तु पितृन् माता गौरवेणाति रिच्यते । अहिले आमाकै अगाडि दुर्वाच्य बोल्न थालिएको देखिन्छ । मोरङ जिल्लाको तत्कालीन साझा सहकारी काण्डका विषयमा मदनले दर्शन उर्फ घनश्याम भट्टराईलाई कारबाही गरेको बुझीबुझी किन मदनलाई लाञ्छित गरिन्छ ? कुराले घोप्नेहरूले छुरा पनि चलाउन सक्छन् भन्ने कुरा माओको जीवनका घटनाबाट पनि थाहा हुन्छ । जननेता मदन भण्डारीलाई मैले महासचिव बनाएको भन्ने सवालको जवाफ ईश्वर पोखरेलले नबोली नै दिए । ईश्वर पोखरेल, प्रदीप नेपाल र मुकुन्द न्यौपानेलगायत नेता दाहिना भएकैले कमरेड केपी शर्मा ओली नवौं महाधिवेशनमा पार्टी अध्यक्ष हुन पाएका थिए । तर, ईश्वरले म र मैले अध्यक्ष बनाएको हो भनेर कहिल्यै फुर्ती लगाएनन् । मदनलाई महासचिव बनाउनेले मदनको सुरक्षार्थ व्यवस्था र बन्दोबस्त गर्नुपर्छ भनेर पार्टी बैठकमा उच्चारण गरेको सुनिएन । नेता केशव बडालले बरू मदनको सुरक्षाको राम्रो प्रबन्ध गर्नुपर्छ भनेर बैठकमा राखेका थिए । यो कुरा उनीद्वारा लिखित कृति सिंहावलोकन (पृ.८०) मा पढ्न पाइन्छ ।

नेकपा एमालेमा तीन थरी नेता छन् । पहिलो थरी पार्टीमा कमजोरी नहोस् भनेर बेलैमा गम्भीर पहल गर्छन् । अर्काथरि कमजोरी देखिएपछि त्यसको उपचारमा भरमग्दुर प्रयत्न गर्छन् र तेस्रा थरीहरू जता मल्खु उतै ढल्कु गर्छन् र नितान्तः निजी स्वार्थ सिद्ध गर्ने ध्याउन्नमा लाग्छन् र हरदम मौकाको ताकमा हुन्छन् । अहिले एमाले पार्टी देशव्यापीरूपमा भित्रभित्रै धमिराले ध्वस्त हुन लागेको छ । जबजको सार सौन्दर्यअनुसार काम नगर्दाको यो परिणाम हो । यो अदना लेखकले देशैभरिका गुप्त षडयन्त्र थाहा पाएको छ भने माथिबाट हेर्दा पार्टीभित्र के-कति विकृति होलान् ? विद्या भण्डारीकै भनाइअनुसार पार्टीभित्रको लामो समयको अनुभवबाट आफूलगायत नेताले धेरै सिकेको बताएकै छिन् । अर्थात् पार्टीभित्र कस्ता-कस्ता खालका खेलखाल, जालझेल र षडयन्त्र हुन्छन् भन्ने विद्याले आफैँले थाहा पाएको बताएकी छिन् । पार्टी केन्द्रको सचिवालयमा भावी अध्यक्षका बहुप्रचारित दाबेदारले विद्यालाई सक्रिय राजनीतिमै आउन नदिने प्रावधान विधानमा राख्न जोडबल गरेको कुरा त खुलस्त नै भयो । यो खुल्ला समाज हो । गोप्य कुरा पनि खुल्छ र खुल्नुपर्छ । बेलैमा खुल्यो र खुलाइयो भने कोही पनि टोपबहादुर बन्दैन, कसैले पनि माधवकुमार नेपाल हुन पाउँदैन । जमदग्निका टाउकाले जबज बेचेर पनि आफ्नो शान र मानको पगरी गुत्न पाउँदैन । त्यसैले जननेता मदन भण्डारीले जनताको पार्टी एमालेलाई जनताले देख्न, सुन्न, बुझ्न, छाम्न र महसुस पाइने बनाउनु पर्छ भनेका हुन् । पार्टीका नाममा गुप्त षडयन्त्र र तिकडमबाजी गर्ने कुराको भण्डारीले सख्त विरोध गरेका हुन् । उनले राम्रो काम राम्रै तरिकाले गर्नुपर्छ भन्नुको सार पनि त्यही हो ।

साधुले सबैलाई साधु देख्छ । एकोहोरो र साह्रै सोझा साधु हुँदा चोरले पार्टीमा चौतारो बनाउन बेर लगाउँदैन । विद्या भण्डारीले समयको पदचाप बुझेर आफू सक्रिय राजनीतिमा आउन बाध्य भएको बताएकी हुन् । पदचापका लाक्षणिक र व्यञ्जनार्थ हुन्छ । तर, अहिले त खुल्लम खुल्ला विद्या भण्डारीलाई सक्रिय राजनीतिमा आएपनि अनेक कल, छल र बल गरेर मियोका रूपमा उभिनै नदिने षडयन्त्र भइरहेको देखिन्छ । नत्र महाधिवेशनअघि नै स्वार्थी तत्वहरू भाँडभैलो गरिरहेका छन् भने कोही कोहीबाट पार्टी अध्यक्ष हुन खोज्दै छन् भन्दै तिनलाई ठेगान लगाउने निर्देशन दिनुपर्ने थिएन । यसरी न्यून चेतका युवा विद्यार्थीलाई जिम्मेवार नेताले उचाल्नु पर्दैनथ्यो । विद्या भण्डारी कुनै पद, प्रतिष्ठा र उच्च ओहदाको चरम आकांक्षी होइनन् भन्ने कुरा पुष्टि हुन्छ । उनले केही समय पहिले नै पार्टी उपाध्यक्ष रहेकी आफूलाई राष्ट्रपति बनाएपछि पार्टीको नेतृत्व निर्माण अनुकूल हुने आकलन गरेको बताएकी थिइन् । खै त फाउन्डेसन लगायतका कार्यक्रमहरूमा पार्टी अध्यक्षका गुणको विद्याले भित्री हृदयबाट तारिफ नै गर्ने गरेको देखिन्छ । तर, त्यस गरिमामय गोष्ठीमा अध्यक्षको प्रस्तुतिबाट आम नेता र कार्यकर्ता दु:खित देखिएका छन् ।

विद्या भण्डारी पार्टी र नेतृत्वका हरकतबाट दु:खित भएको उनको अभिव्यक्तिका क्रममा प्रकट भयो । उनी बोल्दा बोल्दै भावुक बनिन् र भक्कानिइन् । सरदरले विद्या प्रिय पतिको सम्झना भन्ने मात्र सम्झे होलान्, तर यति निष्कलंक देश र जनताका सर्वोपरि हितमा केवल सेवा भावले प्रतिबद्ध सिद्धान्तका प्रणेता मदनलाई आजका दिनमा पनि नकारात्मक दृष्टिकोण राखेको सुनेर र बुझेर विद्या भण्डारी अत्यन्त भावुक भएकी हुन् । निर्दोष र निरपराधमाथि अत्याचार हुँदा दु:खित हुने मानिस यस धर्तीमा छन् । गहन ज्ञान र उच्च स्तरको विद्वत्ताभन्दा विवेक महान् हो भनेर हजार बार बखान गर्नेको विवेक हराउन लागेको देख्दा यो लेखक आफैँ भारी सरममा परेको छ । कुनै पनि खाले आश त्रासमा नपरी बोल्नेहरूले बोल्छन् । र, आवश्यक पर्‍यो भने असाध्यै रोग निवारण गर्नेगरी पनि बोल्छन् । आन्दोलनका रक्षा कवचहरू बोलाको बोली र मौकाको काम गर्छन् ।

स्वार्थका भकारीहरू जोखाना हरेर बस्छन्, धार्नीको टाउको मात्र हल्लाउँछन् । एमालेमा हाल क्रिया र प्रतिक्रिया विहीन पशुवत् मित्र मण्डली तयार गर्न खोजिएको देखिन्छ । अलि कति पनि सुझाव सल्लाह दिन खोजियो भने कारबाहीको भागीदार बन्नुपर्ने स्थिति रहेको छ । विद्याले आफ्नो व्यक्तिगत महत्वाकांक्षा छैन, पार्टीभित्रका अनेक उतार बढवा र गुप्त गतिविधिबाट आफू जानकार रहेको र परिपक्व भएको मन्तव्यका क्रममा बताइन् । उनले जबजको सार तत्व उल्लेख गरिन् । त्यो सामाजिक सांस्कृतिक रूपान्तरणको गम्भीरतम् सवाल हो । यसमा चरम बेवास्ता गर्दा सामन्तवादी सांस्कृतिक माहौलमा पार्टी फसेको हो । विद्याले अहिले आंशिक र मात्रात्मक उपलब्धि हासिल भएका छन् भन्दै चुरो भनेको रूपान्तरण हो र यसका अभावमा सतिसाल ढल्नु स्वाभाविक हुन्छ । यही दूरगामी ध्येय र उद्देश्य राखेर मात्र विद्या भण्डारी सक्रिय राजनीतिमा आउन बाध्य भएकी हुन् ।

> *एमालेको सचिवालयमा भावी अध्यक्षका बहुप्रचारित दाबेदारले विद्यालाई सक्रिय राजनीतिमै आउन नदिने प्रावधान विधानमा राख्न जोडबल गरेको कुरा खुल्यो । यो खुल्ला समाज हो । गोप्य कुरा पनि खुल्छ र खुल्नुपर्छ । बेलैमा खुल्यो र खुलाइयो भने कोही पनि टोपबहादुर बन्दैन, कसैले पनि माधवकुमार नेपाल हुन पर्दैन...*

विद्याका अनुसार सतही कुरामा मक्ख पर्ने हो मदनको सपना, सामाजिक सांस्कृतिक रूपान्तरणको प्रक्रिया सफल पार्ने उद्देश्यले बाटो बिराउनेछ । विद्याको उद्देश्य उच्च ओहदा, आयआर्जनमा मात्र मक्ख पर्ने होइन । उनले मदनको निष्ठा, समर्पण, वैचारिक स्पष्टता र जनउत्तरदायी व्यवहार, गुणहरूको अनुसरण गर्ने कुरालाई खास ख्याल नगरेमा असन्तुष्टि देखिन्छ । त्यसैले उनले कुरा र काम तथानाम नारा र नतिजाबिचको अन्तर घटाउने, भविष्यप्रति जनताको विश्वास सुदृढ पार्ने, अभियानमा कटिबद्ध हुनु पर्ने मन्तव्यमा उल्लेख गरिन् । विद्याका अनुसार सामान्य सुधार मात्र गरेर हुन्न गुणात्मक परिवर्तनलाई पनि सँगै लैजानु पर्छ ।

## इतिहासमा आज


८ जुलाई १९८८ मा बैंगलोरबाट कन्याकुमारी जाँदै गरेको आइल्याण्ड एक्सप्रेस रेल केरलाको अष्टमुडी तालमा खसेको थियो । जुन घटनामा १०५ यात्रुको मृत्यु भएको थियो भने २०० भन्दा बढी घाइते भएका थिए ।



८ जुलाई १९९४ मा किम जोङ इलले आफ्ना बुबा किम इल सुङको मृत्युपछि उत्तर कोरियाको सर्वोच्च नेतृत्वको जिम्मेवारी सम्हालेका थिए ।




८ जुलाई २०१४ मा तीन इजरायली किशोरकिशोरीहरूको अपहरण र हत्याको घटनापछि इजरायलले गाजामाथि आक्रमण सुरु गरेको थियो ।



८ जुलाई २००३ मा सुडान एयरवेजको उडान १३९ आपतकालीन अवतरण प्रयासको क्रममा पोर्ट सुडान विमानस्थल नजिकै दुर्घटनाग्रस्त हुन पुग्यो । जसमा ११७ जनामध्ये ११६ जनाको मृत्यु भएको थियो ।




## सामाजिक सञ्जाल



**नवराज पन्त**

अहिले काठमाडौंका केही कलेजहरूले खाजा खाने समयमा ढोका थुनेर कलेजकै क्यान्टिनमा खाजा खानुपर्ने नियम लागु गरेका छन् । यसले विद्यार्थीको स्वादअनुसार रोजेर खाने स्वतन्त्रता हनन भएको छ । यसले भविष्यमा निरंकुश भावनाले प्रेरित विद्यार्थी जन्माउन सक्छ । प्रजातान्त्रिक देशमा अप्रजातान्त्रिक गन्ध किन ?



**धर्मानन्द जोशी**

गान्धारीले पट्टी खोली सकिन् । आजका अर्जुनले गान्धारीलाई भेटिसके । अबको नेपाली राजनीति कसैका लागि हौसलापूर्ण त कसैका लागि थप चुनौतीपूर्ण हुने देखियो । प्रधानमन्त्री हुनै लागेकाहरू नहुने र लेखेरै ल्याएकाहरू प्रधानमन्त्री भइछाड्ने देखिए । सुस्तरी राजनीतिले सय घुम्तीहरू पार गर्दै छ ।



**ओमकुमार थापा**

अदालतलाई न्यायका लागि जनदबाब दिन जरुरी छ । अफताब आलम र बालकृष्ण खाँडले कसरी सफाइ पाए, जगजाहेर नै छ । तर, सहकारीको सदस्य नै नभएको व्यक्तिले पनि स्वेत शेयरको रकम भुक्तानी गर्न र गाडी चढ्न सहकारीको रकम दुरुपयोग गर्ने रवि लामिछानेका पक्षमा हस्ताक्षरको नौटंकी देखाएर केको तमासा देखाएको नि !



**निर्मल प्रसाई**

२०६४ सालमै सुनियोजितरूपमा ३२ लाख अवैध नागरिकता बाँडियो, त्यसपछि कति लाख थपियो होला ! नेपालको माटोले ‘जय बिहार’ र ‘जय भारत बोल्दैन’, एक पटक तीन करोड नेपालीको तीन पुस्ते नागरिकता छानबिन गर्न सुशीला कार्की आयोग बनाऔं, अवैध नागरिकलाई देश निकाला गरौं ।

# ठूला दलप्रति वितृष्णा

विचार



● सन्दिप पनेरू

> *जनताले राजनीतिप्रति चासो घटाउँदै लैजानु लोकतन्त्रका लागि खतरा हो । त्यसैले ठूला दलहरूले अझै पनि समयमै आत्मसमीक्षा गर्नु आवश्यक छ । केवल शक्ति कब्जा गरेर होइन, जनताको समस्या सम्बोधन गरेर मात्रै राजनीतिक दलहरू जनप्रिय बन्न सक्छन्...*

नेपालको राजनीतिक यात्रा ऐतिहासिकरूपमा संघर्ष, परिवर्तन र सम्भावनाले भरिएको छ । तर, समयक्रममा त्यही संघर्षका प्रतीक ठानिएका ठूला राजनीतिक दलहरूप्रति अहिले आम जनमानसमा गहिरो वितृष्णा पैदा भएको छ । गणतन्त्र स्थापनाको दुई दशकपछि पनि देशले अपेक्षित स्थायित्व, समावेशी विकास र सुशासन नपाउनुका पछाडि यी दलहरूको व्यवहार, नीतिगत अस्थिरता, सत्तालोलुपता र स्वार्थपरक गठबन्धनको राजनीति मुख्य जिम्मेवार देखिन्छ ।

सुरुमा परिवर्तनका नारा, बलिदानी र जनताका सपना बोकेका दलहरू क्रमशः आफैं परिवर्तनको विरोधी जस्ता देखिन थाले । जनआन्दोलन, जनयुद्ध र मधेस आन्दोलनजस्ता ठूला राजनीतिक घोत्ल्याइँपछि जनतामा केही आशा पलाएको थियो कि अब सत्ता जनताको हातमा आउनेछ, अब गरिबको आवाज सुन्ने संसद् बन्ला, अब शिक्षित युवाहरू विदेश होइन, मुलुककै विकासमा लाग्लान् । तर, यी अपेक्षाहरू आफैं हराउन थाले । राजनीति जनताको सेवाभन्दा पनि व्यक्तिगत लाभ, गुट-उपगुट र शक्ति सन्तुलनमा सीमित हुन थाल्यो ।

राजनीतिक दलहरूबीचको विचारधाराको विभाजन गुम्दै गयो । वामपन्थी, मध्यममार्गी वा प्रजातान्त्रिक भन्ने छुट्याइने दलहरू एउटै विचारविहीन ठेलीमा परिणत भए । विचारभन्दा पनि सत्ता नै मुख्य लक्ष्य भयो । कुनै चुनाव आएपछि मात्र जनतालाई सम्झिने र बाँकी समय कुर्सीको खेलमा अल्झिने प्रवृत्तिले दलहरूप्रति विश्वासको जग भत्किँदै गयो । सत्तामा पुग्ने बित्तिकै जनताको समस्या भुलेर आफू र आफ्नो गुटको मात्रै फाइदा हेर्ने प्रवृत्तिले ठूला दलहरू ‘जनताका प्रतिनिधि’ होइन, ‘स्वार्थी गुटको संयन्त्र’ जस्ता देखिन थाले ।

युवा पुस्ता विशेषतः अहिलेको राजनीतिक नेतृत्वप्रति निराश छ । युवाहरूले रोजगारीको अभावमा विदेशिनुपर्ने, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा विभेद व्यहोर्नुपर्ने अवस्था कायम छ । दलहरूले वर्षौंदेखि ‘समृद्ध नेपाल, सुखी नेपाली’ भन्ने नारा दोहोर्‍याए, तर नारा शब्दमै सीमित रह्यो । स्थानीय तहदेखि संघीय सरकारसम्म दलका प्रतिनिधिहरू विकासभन्दा ठेक्का-कमिसनको खेलमा रमाइरहेका छन् । अझ दुःखद त के छ भने, दलहरू भ्रष्टाचार नियन्त्रणमा भन्दा पनि आरोपित नेतालाई जोगाउन एकापसमा मिल्ने गरेका छन् । यस्तो मिलोमतोले जनतामा वितृष्णा पैदा हुनु स्वाभाविक हो ।

एकातिर राजनीतिक दलहरूले लोकतन्त्रको रक्षक हुँ भन्ने दाबी गर्छन् भने अर्कातिर आन्तरिकरूपमा तिनकै संरचना अधिनायकवादी र व्यक्तिपूजामूलक बनिसकेका छन् । युवाहरूको पदोन्नति होइन, वफादारीको पुरस्कार दिने प्रवृत्तिले पार्टीभित्र नयाँ नेतृत्व जन्मिन सकेको छैन । एउटै अनुहारहरू दशकौंसम्म घुमिरहँदा जनताको सपना सँगै सकिएको छ । जब पुराना नेताहरूले आफूभन्दा कमजोरहरूलाई मात्रै अवसर दिन्छन्, तब पार्टीलाई गन्ध नलाग्ने बासी विचारले चलाउँछ, जसको असर जनतामा असन्तोषका रूपमा देखा पर्छ ।

नागरिकले भोगेको ठूलो पीडा भनेको अस्थिरता हो । ५ वर्षका लागि चुनिएका सरकारहरू ५ महिना पनि टिक्दैनन् । दलहरूबीचको गठबन्धन प्रायः सैद्धान्तिक नभई संख्यात्मक गणनामा आधारित हुन्छ । फलतः जनताले सरकारलाई आफ्नो समस्या समाधान गर्ने संयन्त्र होइन, दलहरूका स्वार्थ मिलाउने मेसिनको रूपमा हेर्न थालेका छन् । यस्तो परिस्थितिमा ठूला राजनीतिक दलहरूको सम्मान गुम्नु अस्वाभाविक होइन ।

यसरी ठूलो दलहरूप्रति वितृष्णा बढ्दै जानुको मूल कारण हो– उनीहरूको जनविरोधी र अवसरवादी व्यवहार । लोकतन्त्रमा दल आवश्यक संस्थाहरू हुन्, तर जब ती संस्थाहरू जनताको सेवा नगरी आफ्ना नेताको संरक्षण गर्नमै सीमित हुन्छन्, तब जनताको विश्वास गुम्छ । अहिलेको अवस्था त्यही हो । जनता दलका झण्डा हेरेर होइन, नेताहरूको अतीत हेरेर प्रतिक्रिया दिन थालेका छन् । चुनावमा उम्मेदवारको पार्टी होइन, विगतको व्यवहार र क्रियाकलाप हेरेर निर्णय गर्न खोज्छन् । तर, जब सबै दलमा उस्तै अनुहार देखिन्छ, तब विकल्पको खोजीमा जनताले स्वतन्त्र उम्मेदवारतर्फ आशा राख्न थालेका छन् ।

वितृष्णाले राजनीतिबाट विमुख बनाउँछ । जनताले राजनीतिप्रति चासो घटाउँदै लैजानु लोकतन्त्रका लागि खतरा हो । त्यसैले ठूला दलहरूले अझै पनि समयमै आत्मसमीक्षा गर्नु आवश्यक छ । केवल शक्ति कब्जा गरेर होइन, जनताको समस्या सम्बोधन गरेर मात्रै राजनीतिक दलहरू जनप्रिय बन्न सक्छन् । राजनीति जनताको भरोशाबाट बाँच्छ, डर र निराशाबाट होइन । अबको समय गम्भीर आत्ममूल्यांकनको हो, नत्र जनता परिवर्तनको अर्को लहर ल्याउन पछि हट्ने छैनन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# रुकुम पूर्वको चौँरी लेक पर्यटकको रोजाइमा

**बालाराम शेर्पाली / मध्यान्ह**
रुकुम पूर्व, २३ असार

रुकुम पूर्वको चौँरी लेक पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। कुनै समय कमै मात्रामा चासो पाइरहेको यो लेक अहिले पर्यटकीय गन्तव्यको रूपमा परिचित हुँदै गएको हो।

चार हजार मिटरको उचाइमा अवस्थित चौँरी लेक भूमे गाउँपालिका-१ र पुथा उत्तरगंगा गाउँपालिकाको सिमाक्षेत्रमा पर्दछ।

रुकुमपूर्व र बाग्लुङको सिमानास्थित पातिहाल्नेबाट बिहानै हिँडेर लेक पुग्न सकिन्छ र बेलुकासम्म फर्कन सकिन्छ। ढोरपाटन शिकार आरक्षको पश्चिम क्षेत्रमा पर्ने चौँरी लेकबाट सिस्ने, पुथा, धौलागिरि, अन्नपूर्ण र माछापुच्छे हिमालको दृश्यावलोकन गर्न सकिन्छ। लेकको वरिपरिको पाटनबाट पुथा उत्तरगंगाका विभिन्न गाउँहरू, रोल्पाको जलजला, जन्तरे, कोठी भिर लगायत प्यूठानका भूभाग पनि सजिलै देख्न सकिन्छ।



हिउँदमा हिउँले ढाकिने चौँरी लेकमा वर्षायाममा भने रंगीचंगी फूलहरू फुल्छन्। असारदेखि भदौसम्म यहाँ भेडी गोठहरू बस्ने चलन छ। यस अवधिमा बाख्रा, गाई, भैंसी, घोडा र भेडाका बगालले चौँरी लेकको पाटन झनै मनमोहक देखिन्छ।

पशु चरनका लागि उपयुक्त मानिने यस क्षेत्र बुकी प्रजातिका वनस्पतिले पनि भरिपूर्ण छ। प्राकृतिक वनस्पति, फूल र पाटनले गर्दा चौँरी लेक वर्षायाममा विशेष आकर्षक हुन्छ। प्राकृतिक सौन्दर्यले भरिएको चौँरी लेकको पर्यटकीय सम्भावनालाई ध्यानमा राख्दै स्थानीय सरकार सक्रिय भएको छ। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ र वडा अध्यक्ष मनकाजी पुनको पहलमा चालु आर्थिक वर्ष २०८१/८२ मा पर्यटन डिभिजन कार्यालय बाँके (कोहलपुर)को सहयोगमा करिब १० लाख रुपैयाँको बजेटमा ५ मिटर अग्लो जलकी, सिढी र फिल्ड निर्माण गरिएको छ।

आगामी आर्थिक वर्षका लागि पनि चौँरी लेकको प्रवर्द्धनका लागि प्रदेश सरकारबाट २५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको वडा अध्यक्ष पुनले जानकारी दिए।

पर्यटकको सुविधाका लागि भूमे गाउँपालिकाले लेकसम्म पुग्ने मोटर बाटो निर्माण गरिसकेको छ। चौँरी लेक जान चाहने पर्यटकहरू साबिकको दिन पातिहाल्ने भञ्ज्याङमा बास बस्न सक्ने व्यवस्था छ। ३१०० मिटरको उचाइमा रहेको पातिहाल्नेमा खानपिन र बासको सुविधा भएको होटलहरू छन्। यहाँबाट कोठीभिर, जन्तरे, तिलाचन हुँदै ढोरपाटन सजिलै पुग्न सकिन्छ।

समथर भू-भागदेखि उच्च हिमाली क्षेत्रसम्म फैलिएको रुकुम पूर्वमा धार्मिक र पर्यटकीय गन्तव्य प्रशस्त छन्। तर प्रचारप्रसारको अभाव र पूर्वाधारको कमीका कारण धेरै क्षेत्र अझै ओझेलमा परेका छन्। पछिल्लो समय स्थानीय तहको सक्रियता बढेसँगै पर्यटकीय सम्भावना भएका क्षेत्रको संरक्षण र प्रवर्द्धनमा चासो देखिएको छ।

# वनसँग सम्बन्धित मुद्दालाई प्रभावकारी बनाउन तालिम

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, २३ असार

डिभिजन वन कार्यालय अर्घाखाँचीले वनसँग सम्बन्धित मुद्दालाई कानुनीरूपमा प्रभावकारी बनाउने उद्देश्यले आफ्ना कर्मचारीलाई एकदिने कानुनी तालिम दिएको छ। सन्धिखर्कमा आयोजित उक्त तालिमको उद्घाटन जिल्ला न्यायाधिवक्ता चन्द्रबहादुर सिङजापतिले गरेका थिए।

उद्घाटन समारोहमा बोल्दै सिङजापतिले वन ऐनले समेट्न नसकेका विषयमा अन्य सामान्य कानुनले मार्गदर्शन गर्ने भएकाले यस्तो तालिमले कर्मचारीलाई व्यवहारिक ज्ञान दिन मद्दत पुग्ने विश्वास व्यक्त गरे। 'काम गर्ने क्रममा आइपर्ने अप्ठ्यारा समाधान गर्न र कानुनी त्रुटी न्यूनीकरण गर्न तालिम फलदायी हुने विश्वास लिएको छु,' उनले भने।

डिभिजन वन कार्यालयका प्रमुख मोहन प्रसाद श्रेष्ठले सरकारी वकिल कार्यालय र अदालतमा



वनसम्बन्धी मुद्दा दर्ता गर्दा देखिने कानुनी कमजोरीलाई हटाउने उद्देश्यले तालिम आयोजना गरिएको जानकारी दिए। उनले भने, 'कर्मचारीलाई कानुनको सही जानकारी भएमा नागरिकले विश्वास गर्नेछन्, र कानुनी त्रुटीबाट बच्न सकिन्छ।'

तालिममा अर्घाखाँची जिल्लाका डिभिजन र ६ वटा सब-डिभिजन वन कार्यालयहरू शितगंगा, वाणगंगा, भूमिकास्थान, पाणिनि, छत्रदेव र सन्धिखर्क गरी ३० जना वन कर्मचारी सहभागी भएका थिए। तालिम संयोजक वरिष्ठ वन अधिकृत उमेश शाहका अनुसार तालिमको प्रशिक्षण जिल्ला न्यायाधिवक्ता सिङजापतिले स्वयं दिएका थिए।

सूचना अधिकारी केशव खड्काका अनुसार, तालिमले कर्मचारीहरूलाई व्यवहारिक कानुनी ज्ञानमा दक्ष बनाउने तथा फिल्डमै कानुनी समस्या समाधान गर्ने क्षमताको विकास गराउने अपेक्षा गरिएको छ। वरिष्ठ वन अधिकृत गणेश चौधरीले तालिमले कर्मचारीको पेशागत क्षमता अभिवृद्धि गर्दै भविष्यमा वनसँग जोडिएका मुद्दा अझ प्रभावकारी ढंगले व्यवस्थापन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

# काभ्रेमा ६ हजार बढी घरपरिवार उच्च जोखिममा



**काभ्रेपलाञ्चोक / मस**–मनसुनजन्य विपद्मा काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमा ३९५ बस्ती उच्च जोखिममा रहेको पाइएको छ।

स्थानीयस्तरबाट जिल्लास्थित विपद् व्यवस्थापन समितिलाई प्राप्त प्रतिवेदनमा यस वर्षको मनसुनजन्य विपद्मा उक्त संख्याको बस्तीका ६ हजार ३७५ घरपरिवार उच्च जोखिममा रहेको जनाइएको हो।

समितिका अनुसार ती बस्तीको परिवारका २३ हजार ४५ नागरिक मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने आकलन गरिएको हो। समितिले स्थानीय तहका विपद् व्यवस्थापन समिति तथा जनप्रतिनिधि र सुरक्षाकर्मीको तथ्यांकका आधारमा उक्त जनसंख्या यस वर्षको मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने प्रक्षेपण गरेको जनाइएको छ।

'विशेषगरी यस वर्षको बाढी पहिराले जिल्लाका रोशी, सुनकोशी, इन्द्रावती, पुण्यमाता, झिकुखोला, दाप्चाखोलालगायत तटीय क्षेत्र आसपास बसोबास गर्ने नागरिक प्रभावित हुने अनुमान गरिएको छ, यसबाट सतर्कता अपनाउन आग्रह पनि गर्दै आएका छौँ', समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेश ढकालले भने।

ढकालका अनुसार काभ्रेपलाञ्चोकका १३ वटै स्थानीय तहमा बाढी पहिराको उच्च जोखिम देखिएको छ। समितिलाई प्राप्त तथ्यांकअनुसार जिल्लामा सबैभन्दा बढी रोशी गाउँपालिकामा ५६ बस्ती र सबैभन्दा कम खानीखोला गाउँपालिकामा ९ बस्ती उच्च जोखिममा रहेको जनाइएको छ। रोशीमा १ हजार ४३८ घरपरिवारका ३ हजार ६६२ नागरिक उच्च जोखिममा रहेको पाइएको हो। नमोबुद्ध नगरपालिकाकोमा १ हजार १४२ घरपरिवारका ४ हजार ४११ नागरिक प्रभावित हुने आकलन गरिएको छ।

यस्तै पाँचखाल नगरका ४१ बस्तीमा ८६९ घरपरिवारका ५ हजार ६६८ नागरिक प्रभावित हुने देखिएको हो। मण्डदेउपुर नगरमा २४ बस्तीका २४३ घरका ९४७ जना नागरिक प्रभावित हुने जनाइएको हो।

सहरी क्षेत्रमा पर्ने बनेपामा २७ स्थान जोखिममा रहेकोमा ८११ घरपरिवारका २ हजार २६१ नागरिक प्रभावित हुने आकलन गरिएको छ भने पनौतीमा १६ बस्तीका २८६ घरका १ हजार ३९५ परिवार प्रभावित हुनसक्ने देखिएको समितिले जनाएको छ। समितिका अनुसार अर्को सहरी क्षेत्र अर्थात् सदरमुकाम धुलिखेलका २५ बस्ती उच्च जोखिममा रहेकोमा त्यस क्षेत्रका ५२१ घरपरिवारका १ हजार ३५१ नागरिक प्रभावित हुने प्रक्षेपण गरिएको छ। यसैगरि तेमालको ४६ बस्तीमा ३०८ घरपरिवारका ८५०, बेचानचोकमा १३ बस्ती उच्च जोखिममा रहेकोमा त्यस क्षेत्रका ७७ घरका २८८ नागरिक सदस्य जोखिममा रहेका छन्।

डाँडापारी क्षेत्रका महाभारतमा १३ जोखिमयुक्त बस्तीमा १३६ घरपरिवारका ५६९, खानीखोलामा ९ उच्च जोखिम बस्तीमा ४७ परिवारका २३३ नागरिक उच्च जोखिममा रहेको जनाइएको छ।

# पूर्वाधार कार्यालयले ५ जनाको घर बनाइदिने



**वीरगञ्ज / मस**–पूर्वाधार विकास कार्यालय वीरगञ्जले पर्साको विकट ठाउँका रूपमा चिनिने सिकारीबासमा फुसको घरमा बसोबास गर्दै आएका सर्वसाधारणलाई दुई कोठे पक्की घर निर्माण गरिदिने भएको छ।

कार्यालयले ठोरी गाउँपालिका-३ सिकारीबास फुसको घरमा बसोबास गर्दै आएका ५ परिवारको लागि 'जनता आवास कार्यक्रम अन्तर्गत) एकीकृत बस्ती निर्माण गरिदिन लागेको हो। यो बस्ती ठोरीको हुलाकी राजमार्गबाट करिब छ किलोमिटरभित्र पर्दछ। जहाँ पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र भारतको बाल्मिकी टाईगर रिर्जभ लगायतको मध्यवर्ती क्षेत्रको रुपमा रहेको छ। तर,यहाँका सर्वसाधारण आधारभूत आवश्यकताबाट पनि बञ्चित हुँदै आइरहेका छन्।

पूर्वाधार विकास कार्यालय वीरगञ्जका प्रमुख लालबाबु रायले चालु आर्थिक वर्षमा शिलान्यास भए पनि आगामी आर्थिक वर्षसम्म फुसको घरमा बस्दै आएका ५ जना परिवारको लागि दुई-दुई कोठे एकीकृत घर बनाइदिन लागेको जानकारी दिए।

गत शनिबार ठोरीको सिकारीबासमा आयोजित एक कार्यक्रमबीच एकीकृत बस्तीको शिलान्यास पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र पूर्वाधार विकास कार्यालयका प्रमुख रायले संयुक्त रूपमा गरेका थिए।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन पर्साका योजना प्रमुख तथा इञ्जीनीयर राकेश साहले शनिबार नै ठोरीको सिकारीबासमा नदीको कटान क्षेत्रमा करिब १० लाख मूल्य पर्ने नदी तटबन्धसहितको जालीको व्यवस्था गर्न लागेको जानकारी दिए।

# 'होमस्टे'ले बढे पर्यटक

**कास्की / मस**–बर्खायाम सुरु भएको अनुभूति हुने गरी झ्याइझ्याइ कीराको आवाज। भरखरै रोपिएको धानखेतका आलीको माथिल्लो भागसम्म टिलपिल्लै पानी। आँखै अगाडि सेताम्मे हिमाल, दक्षिणतर्फ पोखरा बजारको दृश्यसँगै वरपर हरियाली जङ्गल। त्यहाँ पुग्ने जो कोहीको मन आनन्दित नहुने त कुरै भएन।

हिमालको चिसो हावाले शरीर नै सितलो बनाउने। त्यसैमा यहाँको शान्त वातावरण, थप मनमोहक छ। कास्कीको माछापुच्छ्रे गाउँपालिका-६ स्थित पर्यटकीय गाउँ ह्याङ्जाकोट सामुदायिक 'होमस्टे' (घरबास) का विशेषता हुन् यी। त्यसमा यहाँ पुग्ने स्वदेशी तथा विदेशी पाहुनाको स्वागतमा पञ्चेबाजासहित फूलमाला लिएर पर बाटैसम्म पुग्ने सञ्चालक र गाउँवासीहरूको शैली थप हेर्न लायक हुन्छ।

पोखरा महानगरपालिका-१ को सिमपानीदेखि हेम्जाको याम्दी, मिलनचोक, मेलबोट हुँदै माछापुच्छ्रे गाउँपालिकाको धितालबाट तीन किलोमिटर अगाडि बढेपछि ह्याङ्जाकोट पुग्न सकिन्छ। पोखराको सिमपानीबाट १८ किमी दूरीमा रहेको यस ठाउँमा अधिकांश



गुरुङ समुदायको बसोबास छ। ५० घर रहेको बस्तीका १२ घरमा ८० जना पाहुना अट्ने गरी होमस्टे सञ्चालनमा छ।

२०६४ बाट सञ्चालनमा ल्याइएको उक्त सामुदायिक होमस्टे विसं २०७२ मा पर्यटन मन्त्रालयद्वारा उत्कृष्ट गाउँ पर्यटन गन्तव्य घोषित भएको थियो। त्यसपछि यहाँको महत्त्व थप बढेको छ।

ह्याङजाकोटबाट कुमारी माछापुच्छ्रे सहित अन्नपूर्ण, लमजुङलगायत हिमाल मात्र हैन, छिमेकी गाउँ ल्वाङको चियाबारी समेत यहाँबाट सजिलै दृश्यावलोकन गर्न सकिन्छ। गाउँबाट माछाको पुच्छर आकारको माछापुच्छ्रे नजिकै देखिनुका साथै यो गाउँ 'माछापुच्छे मोडल ट्रेक'मा पर्ने भएकाले पर्यटकीय मौसममा विदेशी पर्यटकको भीड लाग्ने गर्छ।

होमस्टेका अध्यक्ष ईश्वर गुरुङ आन्तरिकले पर्यटक ढिँडो, लोकल कुखुरा, रक्सीलगायत खाना मन पराउनुको साथै साँझ सांस्कृतिक कार्यक्रममा खुसी मानेर नाच्ने गरेको सुनाउँछन्। उनका अनुसार यहाँका समग्रमा एक हजार रुपैयाँ मूल्य पर्ने 'प्याकेज' बनाइएको छ। त्यसमा स्वागत सत्कार, स्थानीय रूपमा उत्पादित रैथाने बाली कोदो, गाउँमै उत्पादन भएको साग, आलु, लोकल कुखुरा, खाजा, रात्रिको खान, एक रातको बासलगायत सुविधा छन्।

स्थानीय पर्यटन व्यवसायी हर्क गुरुङले गाउँमा पर्यटक बढेसँगै ठूला होटलहरू निर्माण हुने क्रमसमेत बढ्दै गएको बताए। ह्याङ्जाकोटदेखि तीन किमी पूर्वको धिताल गाउँमा अर्बौं खर्चेर दुई होटल निर्माण हुन लागेका उजले बताए।

# साउनमा पशुपतिमा महाशिवरात्रिको जस्तै व्यवस्थापन

**काठमाडौं / मस**–पशुपति क्षेत्र विकास कोषले साउनमा पशुपतिनाथको दर्शनमा आउने भक्तजनका लागि महाशिवरात्रिकै जस्तो व्यवस्थापन गर्ने तयारी गरेको छ। साउनमा पशुपति क्षेत्रमा भक्तजनको धेरै भीड लाग्ने गर्छ। साउन महिनाको पनि सोमबार र शनिबार धेरै भक्तजन पशुपतिनाथ मन्दिरमा दर्शन एवं पूजाआराधनाका लागि आउने गर्छन्। यस महिनामा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्यलाई पनि अनुगमनमा खटाउने गरी तयारी गर्न लागिएको निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले जानकारी दिए।

धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) का पदाधिकारी एवं कार्य समिति सदस्यहरूसँगको अन्तरक्रियामा उनले साउनदेखि नै पशुपति क्षेत्रमा समाचार सङ्कलनका लागि आउने पत्रकार एवं सञ्चारकर्मीका लागि 'मिडिया सेन्टर' को सुरुआत गरिने प्रतिबद्धता जनाए।

साउनको सोमबार र शनिबार, हरितालिका (तीज), बाला चतुर्दशी, महाशिवरात्रि, विक्रम संवत्को नयाँ वर्ष वैशाख १ गते, अक्षया तृतीयालगायत पर्वका अवसरमा पशुपति क्षेत्रमा लाखौं भक्तजन दर्शन एवं पूजाआराधनाका लागि आउने गर्छन्। त्यसबेला पशुपति क्षेत्रबाट समाचार सङ्कलनमा समस्या हुने गरेको छ। विश्वका वैदिक सनातन हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र एवं राष्ट्रदेवका रुपमा रहेको पशुपति क्षेत्रलाई थप व्यवस्थित बनाउन यसो गर्न लागिएको हो। कोषको कर्मचारी नियमावली छिटो ल्याउन पहल गर्ने पनि निमित्त सदस्यसचिव जोशीको प्रतिबद्धता छ। नियमावली अहिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट अर्थ मन्त्रालयमा पुगेको जनाइएको छ। लामो समयदेखि बढुवा नहुँदा कर्मचारी निराश भएकाले केही महिनामै विज्ञापन गर्नेगरी तयारी गरिएको जानकारी पनि उनले दिए। पशुपति क्षेत्र विकास कोष ऐनलाई संशोधनका लागि पनि पहल गरिने उनको प्रतिबद्धता छ।

## युएईमा रोजगार

कम्पनी: EXPERTS INTERNATIONAL RECRUITMENT SERVICES शहर: UAE, Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८०/१२/२२ चलानी नं.: ६०२१७९१४ LT. No.: 302957 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 21 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 2 | 0 | | 1800 | ६६,८१६ | | | | | | | |
| 3. | Light Vehicle Driver | 2 | 0 | | 1400 | ५१,९६८ | | | | | | | |
| 4. | Machine Tool Operator | 80 | 0 | | 1200 | ४४,५४४ | | | | | | | |
| 5. | Mechanic Assistant | 9 | 0 | | 1000 | ३७,१२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३१ गते (15 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015

## बहराइनमा रोजगार

कम्पनी: Al Sail Transport शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०८१/१२/२८ चलानी नं.: ६०२३६०४८ L.T. No.: 321846 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Drivers | 6 | 0 | स. काममा दक्ष | 150 | ५४,२४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३१ गते (15 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

टि. जि. एल. नेपाल प्रा. लि.
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोनः ५९०६२५२ फ्याक्सः ५९०६२५३
श्रम इजाजत नं. ८५३/०६६/०६७

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर

### मुआब्जा पाउनेको नामावली र त्यस उपरको उजुरी सम्वन्धी १५ दिने सूचना

**प्रकाशित मितिः २०८२/०३/२३ गते**

पुनर्वास नगरपालिका, कञ्चनपुरको फोहरमैला व्यवस्थापन परियोजनाको लागि जग्गा प्राप्तिको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम जग्गा प्राप्ति गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०२।१२ गतेको निर्णय अनुसार स्वीकृती प्राप्त भए बमोजिम उक्त जग्गा प्राप्तिका लागि मिति २०८२।०३।२३ गते बसेको मुआब्जा निर्धारण समितिको बैठकबाट तपसिलका जग्गाको तपसिल अनुसारको मुआब्जा रकम निर्धारण गरिएको हुँदा जग्गा प्राप्ति ऐन, २०३४ को (संसोधन समेत) दफा १८ को उपदफा २ प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं | गा.वि.स./नगरपालिका | कि.नं. | जग्गा धनीको नाम | प्राप्त गरिने जग्गाको क्षेत्रफल | निर्धारित मुआब्जा रकम (प्रतिकठ्ठा रु.) |
|---|---|---|---|---|---|
| १. | पुनर्वास नगरपालिका वडा नं. ४, कञ्चनपुर | १०१७ | रमेश घिमिरे | ६८२० व.मी. | सडकबाट ८० फिट सम्म ८,००,०००/- र बाँकीको ६,००,०००/- |
| २. | पुनर्वास नगरपालिका वडा नं. ४, कञ्चनपुर | १०८७ | भिम दत्त पाण्डेय | ३४३३.३७ व.मी. | सडकबाट ८० फिट सम्म ८,००,०००/- र बाँकीको ६,००,०००/- |

जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/०३/२४ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको खयर जातको गोलिया थान ३९ को १३७.०६ घ.फि. काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

बड्का सा.व.उ.स., ठाकुरबाबा-९, बर्दिया

### काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/०३/२४ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको साल लगायत जातको गोलिया थान २१० को ७६८.२४ घ.फि. काठ तथा साल लगायतको मिश्रित जातको ३.५० चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

सोमलपुर सा.व.उ.स, मधुवन-१, बर्दिया

# गण्डकीको विद्युत ऐनमा इप्पानको सुझावसहित सशक्त बहस

**मध्यान्ह संवाददाता**
पोखरा, २३ असार ।



गण्डकी प्रदेशमा निर्माणको चरणमा रहेको विद्युत ऐन सम्बन्धी विधेयकमाथि सरोकारवालाहरूले गहन सुझाव दिएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का तर्फबाट केन्द्रीय सल्लाहकार जगत पोखरेलले प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिमा तीन बुँदे संशोधन सुझावसहितको दस्तावेज सभापति दमयन्ती रुचाललाई हस्तान्तरण गरेका हुन् ।

इप्पानका सल्लाहकार पोखरेलले प्रदेश सरकारले निर्माण गर्न लागेको जलविद्युत सम्बन्धी ऐन आयोजनाका लागि संरचनागत स्पष्टता, संघीय कानुनसँगको तादात्म्यता र अनुगमन संयन्त्रमा पारदर्शिता राख्नुपर्नेमा जोड दिएका छन् । उनले प्रदेशस्तरीय कानुन संघीय जलविद्युत ऐनसँग समन्वयमा ल्याइनुपर्ने सुझाव पनि दिएका छन् ।

पोखरेलले विधेयकमा राखिएका ठूला सजायका प्रावधानहरू र अनुगमन अधिकृतलाई दिइने तजबिजी अधिकारहरू सच्याउन सुझाव दिए । 'अनुगमनका सूचकहरू स्पष्ट उल्लेख गरिनुपर्छ, यसले पारदर्शिता र जवाफदेहिता दुवै बढाउँछ', उनले भने ।

साथै, ऊर्जा क्षेत्रका अन्य विज्ञ र सरोकारवालाहरूले पनि विधेयकमाथि महत्वपूर्ण सुझाव राखेका छन् । हिमालय ऊर्जाका निर्देशक श्रीराम पाण्डेले जलाशययुक्त आयोजना निजी क्षेत्रका लागि कठिन हुने भन्दै प्रदेश सरकार स्वयंले यस्ता आयोजना निर्माणमा अग्रसर हुनुपर्ने बताए । उनले वर्षेनी रोयल्टी बुझाउने व्यवस्था अव्यवहारिक भएको भन्दै विधेयकमा एकैपटक रोयल्टी बुझाउने विकल्प समावेश गर्न आग्रह गरे ।

सौर्य ऊर्जा उत्पादक संघ नेपालका वरिष्ठ उपाध्यक्ष हरिनारायण गौतमले सौर्य ऊर्जालाई छुट्टै प्रकृतिको ऊर्जा स्रोतका रूपमा मान्यता दिँदै त्यसलाई विधेयकमा स्पष्ट रुपमा समावेश गर्नुपर्ने माग राखेका छन् ।

प्रदेशका ऊर्जा मन्त्री फणीन्द्र देवकोटाले सरोकारवालाका सुझावलाई समेट्दै ऐनलाई कार्यान्वयनमुखी र व्यवहारमा लागू गर्न सकिने बनाउने प्रतिबद्धता जनाए ।

प्रदेशसभाको समितिमा विधेयकमाथि दफावार छलफल जारी छ । समितिकी सभापति रुचालले असार २५ गतेसम्म सरोकारवालासँगको सघन छलफल गरी विधेयक पारित गर्ने तयारी रहेको जानकारी दिइन् ।

# मौद्रिक नीतिबारे योजना आयोगका उपाध्यक्ष र गभर्नरबीच छलफल

**काठमाडौं/मस-** आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिबारे राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलबीच छलफल भएको छ । सोमबार आयोगमा भएको छलफलका क्रममा बजेटसँग समन्वय हुनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारीबारे कुराकारी भएको उपाध्यक्ष अधिकारीको सचिवालयले जनाएको छ ।



यस्तै, राष्ट्रिय विकास समस्या समाधान समितिको ५४औं बैठकमा लैजानुपर्ने एजेन्डाका विषयमा पनि छलफल भएको जनाइएको छ । छलफलका क्रममा उपाध्यक्ष अधिकारीले विद्यमान आर्थिक मोडल र कार्यशैलीका सन्दर्भमा पुनर्विचार गर्नुपर्ने बेला आएको बताए । यस्तै, दशकौँसम्म निर्माण सम्पन्न हुन नसकेका राष्ट्रिय गौरवका आयोजनालाई कसरी चाँडो सम्पन्न गर्न सकिन्छ भन्नेबारे पनि छलफल भएको सचिवालयले जनाएको छ ।

छलफलका क्रममा गभर्नर पौडेलले हाल अनुत्पादक क्षेत्रमा ठूलो आकारमा कर्जा लगानी भएको उल्लेख गर्दै उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा लगानी गर्न आवश्यक रहेको धारणा राख्नुभएको थियो । यस्तै, नेपाल सम्पत्ति शुद्धीकरण मामलामा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को खैरो सूचीमा परेकामा चिन्ता व्यक्त गर्दै उनले उक्त सूचीबाट चाँडो बाहिर निस्कन राष्ट्र बैंकले आफ्नो क्षेत्रबाट गर्नुपर्ने सबै प्रयास गरिरहेको बताएका थिए ।

छलफलका क्रममा हाल लघुवित्त र सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गरिनुपर्ने, कृषि क्षेत्रमा सहज रूपमा सहुलियत कर्जा प्रवाह हुनुपर्नेलगायत विषय उठेका थिए । यस्तै, बैंक तथा वित्तीय क्षेत्रका शाखाहरू सहरी क्षेत्रमा निकै बढी भए पनि ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अझै कमजोर रहेको, बैंक तथा वित्तीय संस्थाहरूमा खराब कर्जा बढेको, ब्याजदर घट्दा पनि अपेक्षाअनुसार कर्जा लगानी हुन नसकेकाजस्ता समस्या समाधान गर्नेगरी आगामी आवको मौद्रिक नीति ल्याइनुपर्ने आवश्यकता औंल्याइएको थियो ।


## मिक्लाजुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रवि, पाँचथर, कोशी प्रदेश**

### जनहितमा जारी सूचना

**गर्मी मौसममा संक्रामक रोगबाट बचौ र बचाऔं ।**
- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन् ।
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

**हावाहुरीबाट बचौं र बचाऔं ।**
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं

**बाढीपहिरोबाट जोगिऔं**
**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः**
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

**चट्याङबाट बच्ने उपायः**
- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

**लामखुट्टेको टोकाईबाट लाग्ने रोगबाट बचौं ।**
औंलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिसजस्ता संक्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ ।
- यसबाट बच्न, झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने, पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने ।


## धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिकाको नवौं संशोधन
# बैंकले अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्न पाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार ।




अब बैंकहरूले अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्न पाउने भएका छन् । नेपाल धितोपत्र बोर्ड (सेबोन)ले 'धितोपत्र निष्काशन तथा बाँडफाँड (नवौं संशोधन) निर्देशिका, २०८२ लागू गर्दै बैंक तथा वित्तीय संस्था (लघुवित्तबाहेक)का लागि अविमोच्य असञ्चित अग्राधिकार शेयर जारी गर्न पाउने बाटो खुला गरेको हो ।

बोर्डले निर्देशिका संशोधनमार्फत् ५० जनाभन्दा कम हुनेगरी परिपत्र विधिमार्फत् संस्थागत लगानीकर्तालाई यस्तो शेयर जारी गर्न पाउने व्यवस्था गरेको छ । नेपाल राष्ट्र बैंकले गत वर्ष बैंकहरूको प्राथमिक पुँजी कोष (टायर वान क्यापिटल) व्यवस्थापनमा सहजीकरण गर्दै अविमोच्य असञ्चित अग्राधिकार शेयर जारी गर्न पाउने व्यवस्था गरेको थियो ।

यस्तै, अविमोच्य असञ्चिति अग्राधिकार शेयर निष्काशन गर्ने बैंक तथा वित्तीय संस्थाले वितरणयोग्य मुनाफा आर्जन गरेको अवस्थामा नियामकबाट रोक लगाइएको अवस्थामाबाहेक यस्तो शेयरको लाभांश वितरण नगर्ने निर्णय गर्न नपाउने व्यवस्था नयाँ व्यवस्थामा छ । सेबोनले निष्काशन भएको शेयरको अभौतिकीकरण केन्द्रीय निक्षेप कम्पनीले र सूचीकरण तथा कारोबार प्रक्रिया धितोपत्र बजारले तोकेको व्यवस्था अनुसार हुने व्यवस्था गरेको छ ।


कारोबार हुने शेयरमा सर्वसाधारण लगानीकर्ता, बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी तथा सामूहिक लगानी कोषले खरिद बिक्री गर्न नसक्ने व्यवस्था छ । यो व्यवस्थाले पुँजी कोषको दबाबमा रहेका बैंकहरूलाई राहत मिल्नेछ । अहिलेसम्म तीन वाणिज्य बैंक र दुई विकास बैंकहरूले राष्ट्र बैंकसँग स्वीकृति लिएर बोर्डमा अनुमतिका लागि आवेदन दिएका छन् ।

संस्थागत लगानीकर्तालाई यस्तो शेयर एक सय रुपैयाँ अंकित मूल्यमा बिक्री गर्न पाउने बैंकलाई बोर्डले बिक्री सीमा र लाभांश वितरणको अधिकार बैंकलाई दिएको छ । बैंकहरूले अविमोच्य असञ्चित अग्राधिकार शेउयर खरिद गर्ने संस्थागत लगानीकर्तालाई पहिले उनीहरूले पाउने लाभांशको दर निश्चित गर्नुपर्ने व्यवस्था निर्देशिकामा छ । तर, वितरण योग्य नाफा नकारात्मक भएको वर्ष भने अविमोच्य असञ्चित अग्राधिकार शेयर लगानीकर्तालाई लाभांश दिनुपर्ने छैन ।

निर्देशिकाअनुसार र अविमोच्य असञ्चित अग्राधिकार शेयर बिक्री गर्नुअघि लगानीकर्तालाई बैंकहरूले 'रिस्क डिस्क्लोजर स्टेटमेन्ट' उपलब्ध गराउनुपर्ने छ । उल्लेखित शर्तमा सम्पूर्ण रूपमा जानकारी भएर खरिदको निर्णय गरेको भनेर लगानीकर्ताले उल्लेख गरेको कागजात बोर्डमा निवेदन दिँदा उल्लेख गर्नुपर्ने छ ।

अविमोचय असञ्चित अग्राधिकार शेयर लगानीकर्ताको पैसा बैंकहरूले आवश्यकताअनुसार १० वर्षमाथि जहिलेसम्म पनि उपयोग गर्न पाउने छन् भने फिर्ता दिन चाहेमा राष्ट्र बैंकको स्वीकृति लिएर फिर्ता दिन सक्ने छन् ।

## टीभीएस जुपिटर ११० सार्वजनिक



**काठमाडौं/मस –** जगदम्बा मोटर्सले टीभीएस जुपिटर ११० सार्वजनिक गरेको छ । 'स्टाइल, माइलेज, प्रदर्शन, सुविधा र सुरक्षामा अझ बढी' भन्ने नाराका साथ ल्याइएको नयाँ जुपिटर ११० ले यात्रालाई अझ सहज, सुरक्षित र रमाइलो बनाउने कम्पनीले जनाएइको छ ।

नयाँ जुपिटर ११० मा १५ वटा फर्स्ट-इन-क्लास र १४ वटा बेस्ट-इन-क्लास विशेषताहरू छन्, जसले ग्राहकको रोजाइ र आवश्यकतालाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्ने बताइएको छ । नयाँ जुपिटर ११० मा इनफिनिटी लाइट बार, पियानो ब्ल्याक प्यानल, र चिल्लो आधुनिक डिजाइन रहेको छ । यसले यात्रालाई स्टाइलिश बनाउनुका साथै सुरक्षामा समेत ध्यान दिएको कम्पनीको भनाइ छ । जुपिटर ११० को सुरुवाती मूल्य २ लाख ५७ हजार ९ सय रहेको छ ।

'टीभीएस मोटरसँगको हाम्रो साझेदारी अझ बलियो हुँदै गएको छ, नयाँ जुपिटर ११० मा समावेश प्रविधिहरूले यात्रा सुरक्षित, टिकाउ र अझ सुविधाजनक बनाउने छन्, हामी विश्वस्त छौँ कि यसले नयाँ मापदण्ड स्थापन गर्दै नेपाली ग्राहकबाट अत्यधिक रुचाइनेछ', जगदम्बा मोटर्सका साहिल अग्रवालले भने ।

## मञ्जुश्री फाइनान्सद्वारा विद्यालयलाई सहयोग



**रौतहट/मस –** मञ्जुश्री फाइनान्सले विद्यालयलाई शैक्षिक तथा विभिन्न किसिमका सामग्री सहयोग गरेको छ । संस्थागत तथा सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत फाइनान्सको इटहरी शाखाले लक्ष्मी माध्यमिक विद्यालय इटहरीलाई शैक्षिक सहित विभिन्न सामग्री सहयोग गरेको हो ।

फाइनान्सले डस्टवीन, बाल्टिन, पंखा, स्यानिटरी प्याड, वाटर डिस्पेन्सर, कलर प्रिन्टर लगायतका सामग्री सहयोग गरेको छ । प्राथमिक तहदेखि माध्यमिक तहसम्म अध्ययन हुने सो विद्यालयमा साढे तीन सय भन्दा धेरै विद्यार्थीले अध्ययन गर्दै आएका छन् ।


## कटहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**कटहरी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### फोहर ब्यवस्थापन ठेक्का सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२४ गते मंगलबार)**

प्रस्तुत विषयमा यस आ.व. ०८२/०८३ मा कटहरी गाउँपालिका क्षेत्र भित्रको फोहर उठाई ल्याण्डफिल साईडमा ब्यवस्थापन गर्न चाहने ईच्छुक फर्म/कम्पनीहरुले तपशिलको शर्तहरुको अधिनमा रहि तोकिएको अवधिभित्र रित पूर्वक शिलबन्दी दरभाउपत्रमा भाग लिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | विवरण | न्युनतम अङ्क प्रति ट्रिप (ट्रयाक्टर) (भ्याट बाहेक) रु. | फारम दस्तुर रु. (फिर्ता नहुने गरी) | बोलपत्र/दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने | |
|---|---|---|---|---|---|---|
| | | | | | मिति र समय | स्थान |
| KRM/SQ/032/081/082 | कटहरी गाउँपालिकाको फोहर ब्यवस्थापन | ३७९८/५२ | १०००।- | २०८२/०४/०६ गते कार्यालय समय सम्म | २०८२/०४/०७ गते २.००बजे । | कटहरी गाउँपालिकाको कार्यालय |

**दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरुः**
१. फोहर ढुवानी गरी ल्याण्डफिल साईड सम्म लैजाने सवारी साधन (ट्रयाक्टर) फर्म वा कम्पनीको स्वामित्वमा रहेको कागजात ।
२. फोहर ब्यवस्थापनका लागि आवश्यक ल्याण्डफिल साईडको ब्यवस्थापन भएको पुष्ट्याई हुने कागजात ।
३. दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीको फर्म दर्ता प्रमाणपत्र, नविकरण, करचुक्ता प्रमाण पत्र ।

**नोटः- ठेक्का सम्बन्धी विस्तृत विवरण कटहरी गाउँपालिकाको** Website: Kataharimun.gov.np **मा हेर्नुहोला ।**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**